# 'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन

१२५

शोधार्थी
कुमारी बजगाईं
क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष : ५६ (२०७१/७२)
त्रि.वि.दर्ता क्रमाङ्क : ९-२-२१४-२००९
दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८००१४(२०७२)

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

| | | |
|---|---|---|
| शोधपत्र पेस गरेको मिति | त्रिभुवन विश्वविद्यालय | शोधपत्र भाइभा भएको मिति |
| वि.सं. : २०७५।०१।१६ | शिक्षाशास्त्र सङ्काय | वि. सं. : २०७५।०५।८ |
| इ.सं. : २९ अप्रिल, २०१८ | नेपाली शिक्षा विभाग | इ.सं. : २४ अगस्ट २०१८ |
| | जनता बहुमुखी क्याम्पस | |
| | इटहरी, सुनसरी | |

## प्रतिवद्धता पत्र

प्रस्तुत शोधपत्र मेरो मौलिक र प्रयोगात्मक अनुसन्धान हो। शोधपत्रको कुनै अंशसमेत मैले हुबहु नक्कल गरेको होइन। आवश्यकताअनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरिएको छ। कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने परिणामहरूको समेत सामना गर्नेछु।

वि.सं. : २०७५।१।१६

इ.सं. : २९ अप्रिल २०१८

शोधार्थी

---------

कुमारी बजगाईं

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

☎०२५ - ५८१३००
५८००६४

प.सं.
च.नं.

मितिः २०७५।०१।१६

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत एमएड दोस्रो वर्षकी विद्यार्थी कुमारी बजगाईंले नेपाशि ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

वि.सं. : २०७५।१।१६

इ.सं. : २९ अप्रिल २०१८

---------------------

नवीनकुमार शर्मा
(शोध निर्देशक)
नेपाली शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ. मा. शि. परिषदबाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी, तथा शिक्षाशास्त्र सङ्काय

☎०२५ - ५८१३००, ५८००६४


प.सं.

च.नं.

मिति २०७५।०५।०८

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ यस विभागका विद्यार्थी कुमारी बजगाईंले तयार पार्नुभएको **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. मदनराज बराल | विभागीय प्रमुख | .......................... |
| २. प्रा. डा. रामप्रसाद भट्टराई (विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं) | बाह्य परीक्षक | .......................... |
| ३. नवीनकुमार शर्मा | शोध-निर्देशक | .......................... |

मिति

वि.सं. २०७५।०५।०८

इ.सं. २४ अगस्ट, २०१८

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गतको स्नातकोत्तर तह दोस्रो बर्षको नेपाशि ५९८ को प्रयोजनका लागि **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको हो । मेरो शोधपत्रको शीर्षक छनोटदेखि लिएर शोधपत्रको अन्तिम रूप दिनका लागि सहयोग गर्नुहुने शोध निर्देशक नवीनकुमार शर्मालाई विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जनता बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख, नेपाली शिक्षा विभागका विभागीय प्रमुख श्री मदनराज बराल, तीर्थराज भट्टराई, दीपकप्रसाद न्यौपानेप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । शोधपत्र तयारीका क्रममा समयसमयमा मलाई स्रोत सामग्री उपलब्ध गराइदिनु हुने पुस्तकालयका कर्मचारीप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यसैगरी यस शोधपत्र तयार पार्नका लागि अध्ययनका क्षेत्रमा सदैव उर्जा, प्रेरणा र प्रोत्साहन प्रदान गर्नुहुने मेरा मातापिता र मेरा जीवनसाथी मुकुन्द घिमिरेप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । मलाई कम्प्युटर टाइप तथा बेन्डिङमा सहयोग गर्नुहुने सौजन्य डेस्कटप बिर्तामोड-१ की मैया बराललाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा शोधपत्रको उचित मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरीमा पेश गर्न चाहन्छु ।

मितिः २०७५।१।१६ शोधार्थी

कुमारी बजगाई

## शोधसार

शोधपत्रको शीर्षक : **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन**

शोध निर्देशक : नवीनकुमार शर्मा

शोधार्थी : कुमारी बजगाईं

क्याम्पस विभाग : जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी, नेपाली शिक्षा विभाग

शैक्षिक वर्ष : २०७१/०७२

पृष्ठ सङ्ख्या : ६९

अध्याय सङ्ख्या : पाँच

समस्या कथन : **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन**को बनोट र अवस्थाको अध्ययन गर्नु समस्याको कथन रहेको छ ।

उद्देश्य : **'कर्नाली ब्लुज' उपन्यासको शैलीवैज्ञानिक अध्ययन**को बनोट र अवस्थाको विश्लेषण गर्नु रहेको छ ।

शोधविधि : पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक एवं विश्लेषणात्मक विधि

निष्कर्ष : यो उपन्यासमा उपन्यासकारले बाल्यकालको घटना र मनोविज्ञानको उल्लेख छ । ग्रामीण भेगमा जन्मेर, ग्रामीण स्कुल पढेर अलिकति अगाडि बढेका युवाहरूको कथा, ब्यथा यसले पस्केको छ । बाल्यकालमा अविभावकको माया ममताको अभावमा, मागनिर्देशनको अभाव भएमा बालबालिकाहरू बिग्रन्छन् भन्ने कुरा चन्द्रे, मन्दिरे, एकराज आदि पात्रहरू मार्फत देखाइएको छ । उपन्यासमा बालिका, महिलाप्रति गरिने विभेदको मनोविज्ञान ममता दिदी पात्र मार्फत देखाएको छ । नेपाली समाजको सामन्ती ब्यवस्था र आदिवासी जनजातिहरूलाई दास तुल्याउने प्रवृत्ति र त्यसको विद्रोह खुसीराम थारु, पहाडिया बाबु साहेब जस्ता पात्रहरूमार्फत प्रतिनिधित्व गराएका छन् ।

## विषय सूची


क.सं पृष्ठ

**अध्याय एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको औचित्य र महत्त्व ३

१.४ अध्ययनको उद्देश्यहरू ४

१.५ अध्ययनको परिसीमा ४

१.६. पारिभाषिक शब्द ४

**अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना**

२.१ पूर्वकार्यको समीक्षा ५

२.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन ८

२.३. सैद्धान्तिक संरचना ९

२.३.१ कथानकको विकासक्रम ९

२.३.२ चरित्रको विश्लेषण एवम् वर्गीकरण ११

२.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/ प्रक्रिया १३

**अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि**

३.१ अध्ययनको संरचना २०

३.२ जनसङ्ख्या र नमुना २०

३.३ तथ्याङ्क सङ्कलनका साधन २०

३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २१

**अध्याय चार : नतिजा/परिणाम**

४.१ उपन्यासको कथानकको विश्लेषण २२

४.१.१ कथानक २२

४.१.२ कर्नाली ब्लुज उपन्यासको कथानक विकासक्रम २५

४.१.३ पात्र वा चरित्र ३२

४.१.४ 'कर्नाली ब्लुज' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन ३२

४.१.५ चयनका आधारमा 'कर्नाली ब्लुज' उपन्यासको विश्लेषण ४३

४.१.६ विचलन ५२

४.१.७ समानान्तरता ५६

४.२ छलफल/व्याख्या ५८

**अध्याय पाँच : सारांश, निष्कर्ष, सुझाव तथा उपयोगिता**

५.१ सारांश ६०

५.२ निष्कर्ष ६२

५.३ सुझाव ६३

५.४ उपयोगिता ६३

५.४.१ नीतिगत उपयोगिता ६४

५.४.२ कार्यान्वयन तह ६४

५.४.३ आगामी अनुसन्धानका लागि शीर्षक ६४

**सन्दर्भसूची**

# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शैलीविज्ञान साहित्य समालोचना प्रणालीको एउटा नवीनतम विधा हो (शर्मा, २०४८:१) । साहित्यिक कृतिको अभिव्यक्तिको तरिकालाई भाषा वैज्ञानिक दृष्टिमा शैली भनिन्छ। यसैको वस्तुगत र वैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको बृहत् क्षेत्रअर्न्तगत पर्ने एउटा क्षेत्र वा शाखा विशेष नै शैलीविज्ञान हो। यसलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनविन्दु मानिन्छ (शर्मा, २०४८:५) ।

शैली प्राचीन कालदेखि नै प्रचलित शब्द हो। 'शैली' शब्द पूर्वमा संस्कृतको 'शील' धातुबाट बनेको हो। संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शिल' शब्दको निर्माण भएको हो र 'शिल' शब्दमा 'इ' प्रत्यय जोडिई निर्माण भएको शैलीको अर्थ ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृति, आदि मध्ये कुनै पनि हुन सक्छ। 'शैली' शब्द अङ्ग्रेजीको 'style' शब्दको नेपाली रूपान्तरण हो। अङ्ग्रेजीको 'style' शब्दको व्युत्पति ल्याटिन 'stilus' शब्दबाट हालको 'style' शब्द बनेको देखिन्छ। ल्याटिन शब्द 'stilus' को प्राप्त सबैभन्दा पुरानो प्रयोग मइनमाथि लेख्न बनाइएको हाड वा धातुको कलम भन्ने अर्थमा गरिएको छ। पछि अर्थ परिवर्तन भई 'style' शब्दले वर्तमान अर्थ ग्रहण गरेको हो। (शर्मा, २०४८:२)

शैलीलाई भाषिक दृष्टिले हेर्ने परम्परा प्राचीनकालदेखि नै थालनी भएको पाइन्छ। आधुनिक भाषा विज्ञानको क्षेत्रमा भने फर्डिनान्ड डी. सस्युरको आगमनसँगै शैलीविज्ञानको पनि आगमन भएको पाइन्छ। अङ्ग्रेजीको 'stylistics' शब्दको समानार्थीका रूपमा ग्रहण गरिएको शैलीविज्ञानको प्रमुख धारा वर्णनात्मक भाषाविज्ञानका प्रथम प्रवर्तक सस्युर र उनले भाषिक संरचनाको अध्ययन विश्लेषण गर्ने कार्यको थालनी गरेर भाषा क्षेत्रमा नौलो प्रयोगको थालनी गरे। सस्युरले भाषालाई ल्याङ (langue) र प्यारोल (parole) अर्थात् वाक् र बोली अभिव्यक्ति गरी दुई भागमा विभाजन गरेका थिए। त्यसैलाई आधार बनाएर उनका चेला चार्ल्स बालीले ल्याङलाई भाषाविज्ञानको विषय र प्यारोललाई शैलीविज्ञानको विषयका रूपमा विशिष्ट ढङ्गले परिणत भएको देखिन्छ। हरेक अभिव्यक्ति वस्तुनिष्ठ हुने भएकाले फरकफरक अभिव्यक्ति। शैली देखा पर्नु स्वभाविक मानिन्छ (पौडेल, २०६९:४२) ।

साहित्यिक शैलीको अध्ययन गर्ने परम्परा पूर्व र पश्चिम दुवैतिरका साहित्यशास्त्रमा प्राचीन कालदेखि नै प्रचलित रहेको भए पनि शैलीविज्ञान साहित्य समालोचनाको आधुनिक नयाँ सिद्धान्त र पद्धति हो। भाषा शास्त्र र साहित्यशास्त्राका यी दुई नवीन प्रक्रिया र पद्धतिको

सम्मिश्रणबाट शैलीवैज्ञानिक समालोचनाको पूर्णविकास भएको हो। शैलीविज्ञानको विकासमा सहयोग पुऱ्याउने साहित्य शास्त्रीय दृष्टिकोणहरूमा रसियाली रूपवाद रिजर्ड्स र इलियटका साहित्य शास्त्रीय मान्यता र धारणा, पोल्यान्डेली काव्यशास्त्र फ्रान्सेली पाठकपरक साहित्यशास्त्र र अमेरिकाली नयाँ समालेचना आदि उल्लेख्य छन् । (भण्डारी र पौडेल, २०६९ : ९५) ।

उपर्युक्त परिभाषाका आधारमा शैली कुनै साहित्यिक कृति वा सन्दर्भमा अभिव्यक्त भाषा र सामाजिक भाषिकामा रहेको विशिष्ट प्रकार हो । यसमा कलात्मक प्रस्तुति रहेको हुन्छ । स्रष्टा वा वक्ताले यसको चयन र संयोजन विषय, व्यक्ति प्रयोजन र परिवेश अनुसार गर्दछ । यसको प्रयोग कथ्य वा लेख्य भाषामा हुन्छ। तसर्थ वक्ता वा सर्जकले अपनाउने भाषिक चयन, विचलन संयोजन, वितरण र कौशलको समग्रता नै शैली हो भन्ने निष्कर्ष प्रस्तुत गर्न सकिन्छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो वर्षको नेपाशि ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । यस अध्ययन बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** (२०६७) सामाजिक यथार्थका साथै आञ्चलिकताको दृष्टिकोण समेत प्रस्तुत गरिएको एवम् समाजका अन्धविश्वास, अनपढहरूको शिक्षाप्रतिको विचार, ग्रामीण क्षेत्रको आर्थिक स्तर आदिलाई यथार्थताको ऐनामा देखाउने कोसिस गरिएको एक उत्कृष्ट यथार्थवादी उपन्यासमा केन्द्रित छ। प्रस्तुत उपन्यासका शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ। उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययनअन्तर्गत कथानकको आधारमा र पात्र चरित्रको आधारमा विश्लेषण एवम् चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गरिएको छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यसभन्दा पहिला कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिएको छ ।

### १.२ समस्याकथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छः

क) कथानकका आधारमा **कर्नाली ब्लुज** उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा **कर्नाली ब्लुज** उपन्यास के कस्तो छ ?

ग) विचलन र समानान्तरताका आधारमा **कर्नाली ब्लुज** उपन्यास के कस्तो छ ?

घ) चयनका आधारमा **कर्नाली ब्लुज** उपन्यास के कस्तो छ ?

## १.३ अध्ययनको औचित्य र महत्त्व

उपन्यास जीवनको समग्र पक्षलाई समेट्न सकिने बृहत गद्य रचना भएकाले यसले साहित्यमा आफ्नै किसिमको महत्त्व बोकेको हुन्छ। उपन्यासलाई विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण एवम् औचित्यपूर्ण कार्य हो। यसले उपन्यास विधालाई परिस्कार र परिमार्जन गर्न मद्दत गर्दछ। कर्नाली ब्लुज उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैलीको जानकारी हुनुको साथै कृतिको अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा कृतिका कमी कमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरूको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ। पाठ्यक्रम निर्माताहरूलाई पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययनबाट त्यस्ता साहित्यिक कृतिलाई पाठ्यक्रममा समावेश गर्ने प्रेरणा मिल्ने देखिन्छ। यस्तैगरी औपन्यासिक कृतिहरूको अध्ययनबाट विद्यार्थीहरूको ज्ञानको दायरा फराकिलो हुने गर्दछ। त्यसैगरी भावी अनुसन्धानकर्ताहरूलाई पनि उक्त कृतिको थप मूल्याङ्कन गर्न तथा अन्य कृतिहरूको शैलीवैज्ञानिक अध्ययन गर्न महत्त्वपूर्ण भूमिका एवम् मार्ग निर्देशकको रूपमा सहयोग पुग्ने भएकाले यसको महत्त्व एवम् औचित्य स्पष्ट देखिन्छ।

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन गर्नाले कृतिमा स-साना र अनावश्यक ठानेर छाडिएका पक्षहरूको सूक्ष्म रूपमा अध्ययन तथा विश्लेषण गरिएकाले भाषाशैली, वाक्यगठन, शब्दगठन, भाषिक चयन, विचलन एवम् समानान्तरताका बारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ। प्रस्तुत अध्ययन उपन्यासकारका रूपमा परिचित बुद्धिसागरद्वारा लेखिएको कृति **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा सीमित रहेको कारण यस अध्ययनबाट साहित्यिक विषयवस्तुहरूको अध्ययन गरी शैलीवैज्ञानिक तथ्याङ्कहरू प्रस्तुत गरिएको हुँदा कृतिको विश्लेषणबाट प्राप्त निष्कर्षले पाठकवर्ग, उपन्यासकार, शिक्षक, समालोचक, पाठ्यक्रमविद्, अनुसन्धानकर्ता, पाठ्यपुस्तक लेखक एवम् विश्लेषकहरूलाई समेत फाइदा पुग्ने भएकाले यसको महत्त्व तथा औचित्य उल्लेखनीय रहेको देखिन्छ।

बुद्धिसागरद्वारा लेखिएको **कर्नाली ब्लुज** एक उत्कृष्ट उपन्यास भएका कारण यसको महत्त्व स्पष्ट झल्किन्छ। त्यसैगरी उपन्यासका साथ साथै अन्य औपन्यासिक कृतिहरूको वस्तुपरक अध्ययनबाट समालोचकीय क्षमतामा समेत सहयोग पुग्ने देखिन्छ। यसरी प्रस्तुत कृतिको यस भन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षक अध्ययन अनुसन्धान हालसम्म कोही कसैले नगरेको हुँदा यो नितान्त मौलिक अनुसन्धान हो। त्यसैले पनि यस अध्ययन औचित्यपूर्ण रहेको छ।

## १.४ अध्ययनको उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

१) कथानकका आधारमा **कर्नाली ब्लुज** उपन्यासको विश्लेषण गर्नु ।

२) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

३) विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

४) चयनका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यो शोधकार्य पूरा गर्नका लागि निम्न परिसीमामा रही बुद्धिसागरद्वारा लिखित एवम् फाइन प्रिन्ट बुक्स काठमाडौंद्वारा प्रकाशित **कर्नाली ब्लुज** (२०६७) उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

१) **कर्नाली ब्लुज** उपन्यासको कथानकको शैलीवैज्ञानिक अध्ययन एवम् फ्रेटागको पिरामिडका आधारमा उक्त उपन्यासको कथानकको विश्लेषण सीमित रहेको छ ।

२) उक्त उपन्यसको पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आवद्धताका आधारमा सीमित रहेको छ ।

३) उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन, विचलन, र समानान्तरताको आधारमा मात्र विश्लेषण सीमित रहेको छ ।

## १.६ पारिभाषिक शब्द

यस शोधकार्यमा परिभाषिक शब्दहरूको प्रयोग हुने भएका कारण ती शब्दहरूको अर्थ निम्नअनुसार रहेको छन् :

**क) पुस्तकालयीय अध्ययन विधि :** सम्बन्धित विषयवस्तुमा केन्द्रित भएर पुस्तकालयमा प्रत्यक्ष रूपमा उपस्थित भई गरिएको अध्ययन ।

ख) प्राथमिक स्रोत : अनुसन्धानकर्ता स्वयम्ले पहिलोपटक प्रयाग गरेको तथ्य वा  सामग्री ।

ग) द्वितीयक स्रोत : अन्य अनुसन्धानकर्ता वा निकायले पहिल्यै प्रयोग गरेको सामग्रीहरू ।

घ) चयन : छान्ने काम, रोज्ने कार्य, वा धेरैमध्ये कुनै एकको छनोट गर्ने कार्य ।

ङ) समानान्तरता : पद, पदावली वाक्यांश/वाक्य वा भावार्थको पुनरावृत्ति हुनु ।

च) विचलन : प्रचलित नियमलाई उथल पुथल गर्ने कार्य, मानक भाषाको अतिक्रमण गर्नु ।

छ) अग्रभूमि निर्माण : खास ध्वनि, पद, पदावली तथा वाक्यलाई विशेष जोड दिएर अगाडि सार्नु ।

ज) शैली : भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य ।

झ) वस्तुपरक : बाहिरी वस्तु जगतलाई जोड दिने कार्य ।

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत एम.एड. तह पूरा गर्ने उद्देश्यले कथा, निबन्ध उपन्यास, नाटक, खण्डकाव्य, गीतिनाटक जस्ता विभिन्न विद्या तथा क्षेत्रमा अध्ययन अनुसन्धान हुने गरेको पाइन्छ । त्यस्तै शिक्षाशास्त्र सङ्कायअन्तर्गत मानविकी तथा समाजशास्त्र तर्फ बढी मात्रामा साहित्यिक अनुसन्धान भएको पाइन्छ । खोज वा अनुसन्धान कार्य गर्दा लुके छिपेर रहेका कुराहरूको राम्ररी खोज्ने काम गरिन्छ । यस्तो खोज कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि त्यस अघि भए गरेका प्रमुख कार्यहरूको अध्ययन, विश्लेषणबाट सहयोग प्राप्त गर्न सकिन्छ । यसै क्रममा शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैलीवैज्ञानिक अध्ययन निरन्तर रूपमा भएको पाइन्छ ।

यहाँ उल्लिखित शोध शीर्षकसँग सम्बन्धित यसभन्दा अगाडि गरिएको महत्त्वपूर्ण अनुसन्धानका शीर्षक, उद्देश्य एवम् त्यसबाट प्राप्त निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

पन्थी, (२०६३) द्वारा नेपाली शिक्षा विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ। यस अध्ययनको उद्देश्यहरूमा बसाइँ उपन्यासको कथानकको विश्लेषण गर्नु, पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्नु, चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गर्नु रहेको छ। उक्त शोधमा तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने 'बसाइँ' उपन्यासलाई उक्त शोधपत्रको प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ। त्यसैगरी सहायक सामाग्रीका रूपमा अन्य पुस्तक, पत्रपत्रिका तथा शोधपत्रहरूलाई लिइएको छ ।

नेपाली उपन्यास जगतमा 'मुलुकबाहिर' उपन्यासले आरम्भ गरेको पलायनवादी प्रवृत्तिलाई यस 'बसाइँ' उपन्यासले प्रश्रय दिइएको छ। उक्त उपन्यासको कथानक, आदि, मध्य अन्त्यको शृङ्खला मिलेको, सामाजिक यथार्थवादी उपन्यास भए पनि आदर्शवादी यथार्थतिर ढल्केको, समाजमा रहेको रुढीवादी परम्परा, शोषण, दमन र उत्पीडन जस्ता पक्षको चित्रण गरिएको, उक्त उपन्यासले समाजमा रहेका विकृति, विसङ्गतिहरूको अन्त्य गरी समुन्नत समाजको प्रयोग, सरल र सहज एवम् सरस किसिमको उचित प्रयोग विचलनयुक्त भाषाको प्रयोग अग्रभूमि निर्माणको सफल प्रयोग गरिएकाले उपन्यास उत्कृष्ट भएको निष्कर्ष 'बसाइँ' उपन्यासको अध्ययनबाट निकलिएको छ ।

भुजेल, (२०७२) द्वारा 'लू' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू कथानकका आधारमा 'लू' उपन्यासको कथावस्तुको सार उल्लेख गर्नु, शैलीवैज्ञानिक आधारमा 'लू' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु, रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । प्रकाशित 'लु' उपन्यासमा भारतसँग सिमाना जोडिएको पश्चिम नेपालको एउटा गाउँ पत्थरपुरवाको सेरोफेरोमा बसोबास गर्ने, मानिसहरूले भोग्नु परेको दुःख कष्ट र भारतीय प्रहरीहरूबाट भएको अमानवीय व्यवहारका कारणबाट कति पनि विचलित नभई आफ्नो मानवीयता, भाइचारा, धार्मिक सहिष्णुता जोगाउन सफल त्यहाँका बासिन्दाहरूको मानसिकताको चित्र उतारिएको, उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी त्यहाँका तत्कालिन जनजीवनको यथार्थबोध गराइएको, उपन्यासमा भाषाशैली, सरल, सहज, छोटा, छरिता वाक्यहरूको गठन गरी उपन्यास मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष 'लू' उपन्यास मार्फत निकालिएको छ ।

रेग्मी, (२०७२) द्वारा नेपाल भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसअन्तर्गत 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ। उक्त अध्ययनको उद्देश्यहरूमा कथानकका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, चरित्रका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, चयनका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, विचलनका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, समानान्तरताका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, रहेका छन्। उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा लिइएको छ । प्राथमिक स्रोतका रूपमा 'विभाजित समय' उपन्यास र द्वितीय स्रोतका रूपमा विभिन्न शोधपत्रहरू पत्रपत्रिका तथा साहित्यकारका कृतिहरूलाई तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा लिइएको पाइन्छ ।

रावल, (२०७३) द्वारा नेपाली शिक्षा विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ। यस अध्ययनको उद्देश्यहरूमा 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त शब्द र वाक्य चयनको अध्ययन गर्नु, प्रेतकल्प उपन्यासमा अग्रभूमि निर्माणको खोजी गर्नु, 'प्रेतकल्प' उपन्यासमा अग्रभूमि निर्माणको भाषिक सौन्दर्यात्मक भूमिकाको अध्ययन गर्नु, रहेको छ। उक्त अनुसन्धानमा पुस्तकालयीय विधिलाई मुख्य आधारमा बनाइएको छ। शैलीवैज्ञानिक सिद्धान्तको अध्ययन गरी त्यसैको आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गरिएको तथा आवश्यकताअनुसार विज्ञहरूको सुझावलाई समेत आत्मसात गरिएको कुरा उल्लेख गरेका छन् । प्रस्तुत 'प्रेतकल्प' उपन्यास वि.सं. २०६५ सालमा प्रकाशित भएको, यथार्थवादको पृष्ठभूमिमा लेखिएको, सामाजिक उपन्यास रहेको, राणाशासनकालीन नेपाली समाजको यथार्थ

चित्रण गरिएको, जातीय भेदभाव, मूर्तिपूजा बालविवाह र विधुवा विरोधी मूल्य र मान्यताले नेपाली समाजमा पारेको नकारात्मक प्रभाव एवम् त्यसबाट उत्पन्न जटिल समस्यालाई विषयवस्तु बनाई त्यसलाई महत्वका साथ हेरिएको, 'प्रेतकल्प' उपन्यासमा देशको गरिमा र महिमा झल्काउने विभिन्न संस्कृति, जातजाति, बोलीचाली, भेषभूषा जस्ता पक्षलाई राष्ट्रप्रतिको भाव उजागर गरिएकाले पनि उत्कृष्ट सार्थक र रोचक रहेको पाइन्छ । 'प्रेतकल्प' उपन्यासमा आन्तरिक र वाहय समानान्तरताको अत्याधिक प्रयोगले उपन्यास रोचक, आकर्षक, जीवन्त र प्रभावकारी भएको निष्कर्ष निकालेका छन् ।

सुवेदी, (२०७३) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त अनुसन्धानका उद्देश्यहरू 'दमिनी भीर' उपन्यासमा चयनको अध्ययन गर्नु, 'दमिनी भीर' उपन्यासमा विचलनको अध्ययन गर्नु, 'दमिनी भीर' उपन्यासमा समानान्तरताको खोजी गर्नु, 'दमिनी भीर' उपन्यासमा चरित्रको विश्लेषण गर्नु, रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा चयन गरी तथा वर्णनात्मक विधिको समेत प्रयोग गरिएको पाइन्छ । सहायक सामग्रीका रूपमा विभिन्न शोधपत्र र पत्रपत्रिका एवं शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित लेख रचनाको अध्ययन मार्फत उक्त शीर्षकमा शोधपत्र तयार पारिएको कुरा अध्ययनकर्ता सुवेदीले उल्लेख गरेको छन् ।

'दमिनी भीर' उपन्यासमा नेपाली समाजमा रहेका जल्दाबल्दा समस्याहरूलाई प्रस्तुत गरी साँस्कृतिक र आर्थिक विभेदको अन्त्य गर्नुपर्ने एवम् सहर केन्द्रित राजनीतिक परिपाटीको चित्रण गरिएको वि.सं. २००७ साल अघिका राजनीतिक परिवेश र १० वर्षे जनयुद्धको अन्त्य गरी माओवादी शान्ति प्रक्रियामा आएपछिको नेपाली राजनीतिमा आएको परिवर्तनको यथार्थ चित्रण गरी समाजमा रहेका अन्याय, अत्याचारको अन्त्य गर्नुपर्ने कुरामा जोड दिएको, जनताले आफ्नो अधिकारका लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई जोड दिइएको, बिम्ब प्रतीकहरूको उखानटुक्काको चयन, पर्यायवाची शब्दको चयन, निजी भाषाको चयन गरिएको छ ।

'विभाजित समय' उपन्यासमा समाजका जल्दाबल्दा समस्याहरूको प्रतिविम्ब उतारिएको कारण यो उपन्यास सामाजिक यथार्थवादी उपन्यासका रूपमा स्थापित भएको, मानिसले गर्ने सानो गल्ती वा असावधानीका कारण आफूलगायत सिङ्गो परिवार नै सेवा सुविधाको खोजीमा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइँ सरी जाँदा भोग्नु परेको समस्याको चित्रण गरिएको, महिलालाई पनि अवसर दिन सके पुरुष सम्मान हैसियतमा पुग्न सक्छन् भन्ने कुराको वकालत गरिएको, उपन्यासको कथानक वृत्तकारीय ढाँचामा प्रस्तुत भएको साथै आन्तरिक र बाह्य

समानान्तरताको समुचित विन्यासले उपन्यासको भाषा शैली, सरल, सहज, आकर्षक, मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष 'विभाजित समय' उपन्यासको अध्ययनमार्फत निकालेका छन् ।

प्रस्तुत शोधकार्य पूर्व शैलीवैज्ञानिक अध्ययन विषय क्षेत्रमा पन्थी (२०६३), रावल (२०७३), भुजेल (२०७२), सुवेदी (२००७३) र रेग्मी (२०७२) ले शोधकार्य सम्पन्न गरेका छन् । यी मध्ये पहिलो शोधार्थीले 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, दोस्रो शोधार्थीले 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, तेस्रो शोधार्थीले 'लू' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन् । त्यसैगरी चौथो शोधार्थीले 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन र पाँचौं शोधार्थीले 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन कार्य सम्पन्न गरेका छन् । यसरी हेर्दा उल्लिखित शीर्षक एवम् विषयमा अध्ययन कार्य सम्पन्न भए पनि बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** (२०६७) उपन्यासको शैलीवैज्ञानिक अध्ययन हालसम्म कोही कसैबाट पनि नभएको हुँदा यो अध्ययन प्रथम र नितान्त नयाँ रहेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

माथि उल्लेख गरिएका साहित्यको पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधकार्य सम्पन्न गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । यसबाट **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त कथानक, पात्र, चयन, कथावस्तुको विकासक्रम र भाषिक समानान्तरता तथा विचलनका क्षेत्रहरू पहिचानका आधार तयार गरेको हुनाले शोधकार्य गर्दा ती आधारहरू अत्यन्तै उपयोगी साबित भएका छन् । पूर्वकार्यको अध्ययनमा गरिएका साहित्यहरूभन्दा प्रस्तुत शोधकार्य फरक अर्थात् कहीँ कसैबाट शोधकार्य सम्पन्न नगरिएको कृति **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित हुने हुँदा कथानक, पात्र, परिवेश लगायतका विविध दृष्टिबाट यो शोधकार्य पृथक रहेको छ ।

विभिन्न खण्डकाव्य, गीतिनाटक, तथा उपन्यासहरूको विभिन्न समयमा शोधकार्य सम्पन्न भएका भए पनि बुद्धिसागरद्वारा लिखित (२०६७) **कर्नाली ब्लुज** उपन्यासको हालसम्म अनुसन्धानात्मक अध्ययन भएको नपाइएको हुँदा प्रस्तुत शोधकार्य अन्यभन्दा फरक, नयाँ तथा उपन्यासको शोधकार्य गर्न चाहने जो कसैका लागि उपयोगी तथा मार्गदर्शक बन्न सक्नेछ ।

प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीविज्ञान, डा. यादवप्रकाश लामिछाने, तीर्थराज भट्टराई, मदनराज बराल, बालकृष्ण गौतमको भाषिक अनुसन्धान विधि डा.माधवप्रसाद पौडेलको प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू, डा. हेमाङ्गराज अधिकारीको सामाजिक र प्रायोगिक भाषा विज्ञान, प्रा.डा. पारसमणि भण्डारी र डा. माधव प्रसाद पौडेलको साहित्यशास्त्र र नेपाली समालोचना एवम् कविता पन्थीको 'बसाइँ'

उपन्यासको शैलीवैज्ञानिक अध्ययन, लोकेन्द्र सुवेदीको 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेलको 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ऋषिराज रेग्मीको 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन र कर्णबहादुर रावलको 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन आदिको शैली विश्लेषण सम्बन्धी अप्रकाशित शोधपत्रको गहन रूपमा अध्ययन गरिएको छ । यसरी पूवकार्यको अध्ययनबाट निम्न कार्यमा सहयोग पुग्ने देखिन्छ :

क) अध्ययनको उद्देश्य निर्धारण गर्न सहयोग पुग्ने,

ख) शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउन सहयोग पुग्ने,

ग) समस्यालाई विशिष्टिकरण गर्न सहयोग पुग्ने,

घ) अध्ययनको सैद्धान्तिक धारणा निर्माणमा सहयोग पुग्ने,


ङ) विधि निर्धारणमा सहयोग एवम् तथ्याङ्क सङ्कलनका आवश्यक स्रोत पहिचान गर्न । आदि कार्यमा सहयोग पुग्ने भएकोले पूर्वकार्यको उपयोगिता स्पष्ट झल्किन्छ ।

प्रस्तुत **कर्नाली ब्लुज** (२०६७), उपन्यासको शैलीविश्लेषणबाट शैलीविज्ञानको सैद्धान्तिक अवधारणा सम्बन्धी स्पष्ट हुन शिक्षक विद्यार्थी तथा अन्य पाठकवर्गलाई समेत उक्त कृतिमा प्रयुक्त भाषिक विशिष्टताको पहिचान गर्न एवम् कृति लेखकहरूलाई कुनै पनि कृतिको विश्लेषणबाट निस्केको निष्कर्षलाई मध्यनजर गर्दै कृतिमा रहेका कमी कमजोरी सुधार गर्न साथै शुद्ध र मानक भाषाको प्रयोग गरी कृति सिर्जना गर्न कार्यान्वयन पक्ष र नीति निर्माणको तहमा महत्त्वपूर्ण आधार प्रस्तुत गर्न सक्छ । त्यसैगरी कुनै पनि साहित्यिक कृतिको शैली विश्लेषण गर्न चाहने समालोचक वर्गका लागि पनि कोसेढुङ्गा सावित हुनेछ ।

## २.३ सैद्धान्तिक संरचना

### २.३.१ कथानकको विकासक्रम

आख्यानात्मक विद्याको अत्यन्त महत्त्वपूर्ण तत्त्वका रूपमा कथानकलाई लिइन्छ । कुनै पनि साहित्यिक कृतिको कथानकको अध्ययन शैलीवैज्ञानिक आधारमा आदि, मध्ये र अन्त्यको शृङ्खलामा गर्न सकिन्छ । **कर्नाली ब्लुज** उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । प्रसिद्ध समालोचक गुस्ताभ फ्रेटागले आख्यानात्मक कृतिका संरचनामा पाइने कथानकको जुन विकासक्रम निर्धारित गरेका छन् । त्यसलाई उनकै नामबाट फ्रेटागको पिरामिड भनिन्छ । चित्रका रूपमा राख्दा फुलेको र माथितिर साँघुरो हुँदै जाने (Cone) कोन आकारको हुन्छ । उक्त पिरामिडमा माथिका कुराहरूलाई यस प्रकार देखाउन सकिन्छ :




(शर्मा २०४८ : १७१)

वर्तमान समयमा प्रयोगवादी अध्ययनहरूलाई फ्रेटागको पिरामिडमा देखाउन कठिन भए तापनि रैखिक ढाँचामा प्रस्तुत भएका कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा गर्न सकिन्छ। फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमका अवस्थालाई निम्नानुसार चिनाउन सकिन्छ :

फ्रेटागको पिरामिडका पाँच अवस्थाको चिनारी यस प्रकार छ (शर्मा, २०४८: १६७/१६८)

### २.३.१.१ आरम्भ/चिनारी

कथानकको शुरुवात विन्दुलाई आरम्भ वा चिनारी भन्ने गरिन्छ। यस भागअन्तर्गत कृतिभित्रका पात्रहरूको परिचय दिइएको हुन्छ। साथै यसमा पात्रहरूले भोग्नु परेका समस्या र परिस्थितिको पनि जानकारी गराइन्छ।

### २.३.१.२ सङ्घर्ष विकास

कथानकको दोस्रो चरणका रूपमा सङ्घर्ष विकासलाई लिइन्छ। कुनै आकस्मिक परिस्थितका कारण वा घटना विशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ र त्यहाँ द्वन्द्वको स्थिति हुन्छ। र यस्तो पहिलो  महत्वपूर्ण परिस्थिति वा घटनालाई नै सङ्घर्ष विकास वा प्रथम सङ्कटावस्था भनिन्छ।

### २.३.१.३ चरम

चरम अवस्थालाई कथानक विकासक्रमको तेस्रो अवस्थाका रूपमा लिने गरिन्छ। यस अवस्थामा पात्रहरू बिच द्वन्द्वको स्थिति चरम सीमामा देखा पर्दछ। यस्तो शृङ्खलाले अन्त्यमा पात्रहरूलाई यस्तो परिस्थितिमा पुऱ्याउँछ जो सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक सङ्कटा अवस्था हुन्छ। यस्तो अवस्थामा पात्रहरू महत्वपूर्ण र गम्भीर निर्णयमा पुग्दछन्।

#### २.३.१.४ सङ्घर्षह्रास

यो कथानक विकासको चौथो अवस्था हो । यस अवस्थामा आइपुगेपछि पात्रमा देखिएको चर्को सङ्घर्ष मथ्थर (शिथिल) हुन पुग्दछ । पात्रहरूको बीच द्वन्द्वको स्थिति कम भएको हुन्छ । यस चरणमा आइपुगेपछि छरिएका घटनालाई एकीकृत गर्ने र सङ्गाल्ने गरिन्छ । यो कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष टुङ्गिने अवस्था हो ।

#### २.३.१.५ उपसंहार

कथानक विकासको अन्तिम अवस्था लाई उपसंहार भनिन्छ । यसमा पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ र उनीहरू आफ्ना कार्य अनुसारको फल प्राप्त गर्दछन् । पात्रहरूका द्वन्द्व र सङ्घर्षको अन्त्य हुन्छ । त्यसैगरी पात्रहरूका समस्या पनि निराकरण हुन्छन् ।

### २.३.२ चरित्रको विश्लेषण एवम् वर्गीकरण

चरित्रलाई उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ । चरित्रकै कारण कथानक अगाडि बढ्छ । **कर्नाली ब्लुज** उपन्यासको चरित्रहरूको वर्गीकरणका आधारहरू निम्न रहेको छन्:

#### २.३.२.१ लिङ्गका आधारमा

उपन्यासमा प्रयोग भएका पात्र वा चरित्रहरूको प्राकृतिक वा शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । आख्यानात्मक कृतिमा प्रयोग हुने पात्रहरू स्त्रीलिङ्ग र पुलिङ्ग गरी दुई किसिमका हुन्छन् (शर्मा, २०४८ : १७४) । नायक, नायिका, सहनायक, सहनायिका, खलनायक, खलनायिका आदि नामका आधारबाट कृतिभित्र निहित पात्रहरूलाई छुट्याउन सकिन्छ ।

#### २.३.२.२ कार्यका आधारमा

उपन्यासमा प्रयोग हुने पात्रहरूको भूमिका एकै किसिमको नहुने भएकाले मुख्य, सहायक र गौण गरी पात्रको भूमिकालाई वर्गीकरण गरिन्छ । कथावस्तुको सुरुवातदेखि अन्त्य सम्म प्रमुख भूमिका निर्वाह गर्ने पात्रलाई मुख्य पात्रका रूपमा लिइन्छ । त्यसैगरी मुख्य पात्र भन्दा कम क्रियाशील एवम् मुख्य पात्रका सहयोगीका रूपमा भूमिका निर्वाह गर्ने पात्रलाई सहायक पात्रका रूपमा लिइन्छ । सहायक पात्रभन्दा कम सक्रिय एवम् बीचबीचमा देखा पर्ने र हराउने पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ (शर्मा, २०४८ : १७४) ।

#### २.३.२.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा उपन्यासका पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ (शर्मा २०४८: १७४) । अनुकूल पात्रलाई नायक, नायिका र प्रतिकूल

पात्रलाई खलनायक, खलनायिका पनि भनिन्छ। अनुकुल पात्रहरू उपन्यासको भूमिका विचार, भाव, कार्य, भाषा आदि सबै पक्षमा सकारात्मक देखिन्छन् भने प्रतिकूल पात्रहरू सबै पक्षमा नकारात्मक देखिन्छन् ।

### २.३.२.४ स्वभावका आधारमा

स्वभावका आधारमा आख्यानात्मक कृतिका पात्रहरूलाई गतिशील र गतिहीन गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ। देश, काल, परिस्थिति अनुसार स्वभावमा परिवर्तन ल्याउन सक्ने पात्रलाई गतिशील रूपमा चिन्न सकिन्छ भने स्वभाव, सिद्धान्त र जीवनहरूलाई परिस्थिति अनुसार परिवर्तन ल्याउने पात्रलाई गतिहीन पात्रका रूपमा लिइन्छ/चिनिन्छ (शर्मा, २०४८ : १७४) ।

### २.३.२.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा उपन्यासमा पात्रलाई व्यक्तिगत र वर्गीय गरी दुई भागमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८ : १७५) । निश्चित सामाजिक भूमिका निर्वाह गरी त्यहीँ वर्गको प्रतिनिधित्व गरेका पात्रलाई वर्गीय पात्रका रूपमा लिइन्छ भने यसका विपरीत सामाजिक भूमिका भन्दा नितान्त फरक, निजी स्वाभाव वा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हुन् ।

### २.३.२.६ आसन्नताका आधारमा

आसन्नताका आधारमा उपन्यासका पात्रहरूलाई मञ्चीय र नेपथ्य गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८ : १७५) । कृतिमा प्रत्यक्ष रूपमा उपस्थित भई आफ्नो भूमिका निर्वाह गर्ने पात्रलाई मञ्चीय पात्रका रूपमा लिने गरिन्छ भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्र लाई नेपथ्य पात्रका रूपमा चिनिन्छ ।


### २.३.२.७ आबद्धताका आधारमा

आबद्धताका आधारमा उपन्यासका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई भागमा विभाजन गरिएको पाइन्छ। कृतिमा बाँधिएका मात्र सार्थक हुने पात्रलाई बद्ध वा कथानकसँग प्रत्यक्ष सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन् र कथानकसँग प्रत्यक्ष सम्बन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् । (शर्मा २०४८ : १७५) । मुक्त पात्रहरू स्वतन्त्र किसिमका हुने गर्दछन् ।

माथि उल्लेखित आधारमा **कर्नाली ब्लुज** उपन्यासको कथानकमा प्रयुक्त पात्र/चरित्रहरूको वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### २.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया

कुनै पनि साहित्यिक कृतिको भाषावैज्ञानिक अध्ययन के कसरी गरिन्छ भन्ने सन्दर्भलाई शैली विश्लेषण भनिन्छ। शैली विश्लेषण प्रक्रिया खासगरी भाषिक प्रतीकको तह, कला-माध्यमको तह र आधार सामग्रीको तहमा आधारित भएर गरिन्छ। शैली विश्लेषणका स्वरूप एवम् आधारहरूलाई निम्नानुसार रेखाचित्रमा देखाउन सकिन्छ :




(शर्मा, २०४८:०८)

### २.३.३.१ साहित्यिक संरचना

शैली विश्लेषणका प्रमुख तीन आधारमध्ये साहित्यिक संरचना पनि एक हो। प्रत्येक साहित्यिक कृतिको मौलिक वा निजी संरचना हुन्छ। संरचना भनेको कुनै पनि वस्तुमा पाइने साना वा लघुघटकहरूको (अङ्ग) कुल योग र ती कुल योगबाट पाइने समग्र स्वरूप हो। त्यस्तै

साहित्यिक कृति भनेको पनि एउटा वस्तु संरचना हो र त्यो विभिन्न साहित्यिक तत्त्वहरूको कुल योग हो साथै त्यसभन्दा बढ्ता त्यो एउटा भाषाको सिर्जनात्मक छवि, सौन्दर्यात्मक पुञ्ज र कला प्रतीक पनि हो। साहित्यिक कृतिको संरचना विभिन्न लघुघटकको संयोजनबाट निर्माण हुने भएकाले यसलाई 'बृहत् घटक' पनि भनिन्छ (पौडेल, २०६९:४७)। साहित्यिक कृतिको संरचनाका घटकहरू दुई किसिमका छन् :

**क) बनोट**

यो साहित्यिक कृतिमा पाइने एउटा स्वायत्त (साझा) संरचना हो। यो कृतिगत विभिन्न लघु घटकहरूको (अङ्ग) कुल योग हो। यसभित्र अङ्क, दृश्य, संवाद, कथानक, भाग, परिच्छेद, प्रसङ्ग, घटना, पात्र, आदि पर्दछन् शैलीविज्ञानले यी नै साना घटकहरूको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने कार्य गर्दछ (पौडेल, २०६९ : ४७)।

**ख) बुनोट**

कुनै पनि साहित्यिक कृतिभित्र आएका बनोटका अङ्गहरूलाई एउटा सँग अर्कोको सम्बन्ध जोड्ने काम नै बुनोट हो। यसले साहित्यिक कृतिका विभिन्न अङ्गहरू बीच अन्तर सम्बन्ध गराउँदछ र साहित्यिक कृतिमा सौन्दर्य सिर्जना गराउँदछ (पौडेल, २०६९ : ४८)। साहित्यिक कृतिभित्र रहेका वस्तु, अलङ्कार, छन्द, लय, विम्व, प्रतीक, घटना चरित्र कथन, कथानक, परिवेश, सौन्दर्य आदिको सम्बन्ध विश्लेषण गरेर शैलीविज्ञानले बुनोट प्रक्रियाको विवेचना गर्दछ।

### २.३.३.२ शैली

भाषिक संरचना र साहित्यिक संरचनालाई जोड्ने कार्य शैलीले गर्दछ। यो कृति संरचनाको मध्यवर्ती स्थिति हो । शैलीविज्ञानले भाषिक शैलीको प्रमुख अथवा शीर्षकृत सम्बन्ध सूत्रलाई पहिल्याएर विभिन्न पक्षबाट शैलीको पहिचान गर्ने वा विश्लेषण गर्ने प्रयास गर्दछ। कृतिको सौन्दर्य निर्माणमा शैलीले महत्त्वपूर्ण भूमिका निर्माण गर्दछ। यसअन्तर्गत निम्न लिखित तीन पक्षहरू पर्दछन् :

**क) विकल्पन र चयन**

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ छनोट हुने गर्दछ। कृतिकारले विभिन्न विकल्पहको माझबाट उपयुक्त विकल्पहरूको छनोट गरेको हुन्छ। भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, पदावली, शब्द, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकताअनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो। छन्दका विभिन्न विकल्पहरू मध्ये कुनै एकको

छनोट गर्नु विभिन्न अलङ्कार मध्ये कुनै एकको छनोट गर्नु, विभिन्न चयन र परिवेश आदिबाट सान्दर्भिक पक्ष छान्नु चयन सम्बन्धी कार्य हो । चयन सचेत र असचेत दुवै रूपमा हुन सक्छ ।

उदाहरणका लागि स्त्री जनाउने विविध विकल्पहरू महिला, आइमाई, स्वास्नी, नारी, मानिस अवला, कल्याणी, रमणी आदि मध्ये आवश्यकता र सन्दर्भअनुसार उपयुक्त शब्द छनोट गर्नु यसको नमुना हो ।

विकल्पन र चयनको मुख्य उद्देश्य कृतिभित्र नवीनता ल्याउनु, कथन, अभिव्यक्तिमा सार्थकता बढाउनु, भनाइलाई आकर्षक बनाउनु, अर्थगत सूक्ष्म पाटाहरू उद्घाटित गर्नु अग्रभूमि निर्माण र विशिष्ट शैली प्रदर्शनका लागि जीवन्त उपाय अवलम्बन गर्नुमा केन्द्रित हुन्छ ।

**ख) अग्रभूमि निर्माण**

कृति रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन वा अन्य कृतिकारको रचनाभन्दा छुट्टै शैली, ढाँचा वा प्रवृत्तिको पहिचान दिन कुनै पनि पक्ष विशेषमा जोड दिनु नै अग्रभूमि निर्माण हो (पौडेल, २०६९ : ५०) । कृतिकारले आफ्नो छुट्टै पहिचान बनाउने र कृतिमा विशिष्टता ल्याउने कोसिस गरेको हुन्छ । कृतिकारले यस्तै फरकपन देखाउने प्रवृत्ति र प्रयास नै अग्रभूमि निर्माण हो । पृष्ठ भागमा रहेको दृश्य वा सूचनालाई अग्रभागमा ल्याई नवीनता वा मौलिक सिर्जना गर्नु नै अग्रभूमि निर्माणको खास प्रयास हो ।

प्रथमतः कला वा चित्रकारिताका क्षेत्रमा प्रचलित अग्रभूमि निर्माणको प्रथम प्रयोग गर्ने व्यक्ति प्राग सम्प्रदायका भाषाविद् मुकारोभ्स्कीले सन् १९३० मा गरेको हुन् । उनका अनुसार यसले भाषा प्रयोगमा असामान्यता, अप्राकृतिकता गराई सौन्दर्य र नवीनता सिर्जना गर्दछ । अग्रभूमि निर्माण मूलतः दुई तरिकाले गर्न सकिन्छ :

**अ) समानान्तरता**

भाषामा प्रयोग हुने नियमित पुनरावृत्ति नै समानान्तरता हो (पौडेल, २०६९ : ५२) । यो उद्देश्यमूलक र सार्थक हुने गर्दछ । समानान्तरता शब्द र धारणाका प्रथम प्रयोक्ता प्राग सम्प्रदायका भाषाविद् रोमन याकोब्सन हुन् । समानान्तरता भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अर्थका रूपमा फेला पार्न सकिन्छ । यो मुख्यतः दुई किसिमको हुन्छ :

क) बाह्य समानान्तरता

ख) आन्तरिक समानान्तरता

**क) बाह्य समानान्तरता**

साहित्यिक कृतिको आवरण पक्ष अर्थात् वर्ण, रूप, शब्द, पदावली, वाक्य, लय तथा अलङ्कारमा देखापर्ने नियमित आवृत्ति वा पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (पौडेल, २०६९ : ५२) यो ठोस र स्थुल प्रकृतिको हुन्छ, जस्तै :

'के बुझिथन् र घना विनष्ट सपना मौनीपना सद्विना' ।

यस वाक्यमा 'न' वर्णको पुनरावृत्ति भएको छ ।

यस्तै गरी अर्को उदाहरण हेर्यौं,

'जो ईश्वर सृष्टि गर्दै जान्थे, गर्दै जान्थे' ।

र अन्तत : ईश्वरहरूबाट पराजित हुन्थे ।

यस श्लोकमा पनि वाक्यगत आवृत्ति । लाटानुप्रास शब्द रूप स्तरसम्मको आवृत्ति पाइन्छ ।

**ख) आन्तरिक समानान्तरता**

अर्थको पुनरावृत्ति हुनुलाई आन्तरिक समानान्तरता भनिन्छ। यो भावार्थ वाच्यार्थ गरी दुई प्रकारको हुन्छ । भावार्थ भनेको भाव वा विचार पक्षको पुनरावृत्ति भन्ने बुझिन्छ भने मुख्य अर्थको पुनरावृत्ति हुनु वा अभिधा शब्दशक्तिको पुनरावृत्तिलाई वाच्यार्थ समानान्तरता भनिन्छ, जस्तै :

"हरियो फाँटको सौन्दर्यले आँखा तिरमिर गरिरह्यो, नजर रिमझिम गरिरह्यो ।"

यसमा आँखा तिरमिर गर्नु र नजर रिमझिम गर्नु दुवैले सौन्दर्य आकर्षकको भावगत समानान्तर देखाइएको छ अथवा आँखा तिरमिर गर्नु र नजर रिमझिम गर्नुमा समानान्तरता छ। आन्तरिक समानान्तरता सूक्ष्म र अमूर्त किसिमको हुन्छ। यसले भावगत सघनतालाई थप उचाइमा पुर्याउँदछ ।

आ) विचलन

विचलन समानान्तरताको विपरीत तत्व हो। मानक भाषाको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ। (शर्मा, २०४८ :११) । भाषाको प्रचलित ढाँचालाई अतिक्रमण गरी सौन्दर्य प्रदान गर्नु नै विचलन हो । यस्तो अतिक्रमण उद्देश्यमूलक र सार्थक ढङ्गको हुने गर्दछ । भाषविद् सस्यूरको ल्याङ र प्यारोल मध्ये प्यारोलको अवधारणासँग विचलनलाई जोडेर हेर्न सकिन्छ । किनभने कृतिमा भएको भाषा प्यारोल हो । विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि प्रमुख विचलनलाई सात (७) प्रकारमा विभाजन गर्न सकिन्छ :-

क) कोशीय विचलन :

शब्दकोशमा समावेश नभएका शब्दहरूलाई नयाँपनका साथ उपस्थित गराएर आफ्नो अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिने शब्दहरू कोशीय विचलनयुक्त शब्द हुन्, जस्तै : चक्रेटो, गुन्द्रिलो, फुलारु आदि

ख) व्याकरणिक विचलन :

लिङग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, करण, अकरण जस्ता व्याकरणात्मक कोटिहरू पदसङ्गति, पदक्रम, आदिमा आउने विचलन नै व्याकरणिक विचलन हुन् (शर्मा, २०४८ : २७) जस्तैः-

क)काम्यो लुगलुग त्यो । (पद्क्रम विचलन)

ख) प्रत्येक सपनाहरूले मलाई आएर गिज्याउँछ । (वचनगत विचलन)

ग) केटी जान्छ जस्तो लाग्दैन भन्या । (लिङ्गगत विचलन)

ग) ध्वनि वा वर्णगत विचलन

लेख्य भाषालाई कथ्य उच्चारण प्रकृतिमा ढालेर गरिने विचलन लाई ध्वनि वा वर्णगत विचलन अन्तर्गत राख्न सकिन्छ । वा खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर नै ध्वनि वा वर्णगत विचलन हुन् । जस्तै : माथि डाँरामा घाम डुब्यो ।

घ) लेख्य प्रक्रियागत विचलन :

शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यस अन्तर्गत राख्न सकिन्छः-

- आजको ताजा खबर ।
- हाम्रो नेपाल शान्त छ ।

  देश सुन्दर

ङ) अर्थगत विचलन :

अर्थगत रूपमा देखापर्ने विचलनलाई यसअर्न्तगत राख्न सकिन्छ वा अर्थमा आउने विचलन नै अर्थगत विचलन हुन्, जस्तै :

'आज त हिमाल मुसुक्क हाँस्यो'

(हिमाल अर्थात अचेतन वस्तु हास्नु)

च) भाषिक विचलन

विभिन्न भाषाको प्रयोगबाट देखिने विचलन भाषिक विचलनहरू हुन् । जस्तै :-

खाजा - अर्नी

दूध - ओलन

बेलौती - अम्बा

छ) प्रयुक्तिगत विचलन :

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूपको भनाइलाई अर्को प्रसङ्ग वा भाषिक व्यवहारमा प्रयोग गर्नु लाई प्रयुक्तिगत विचलन भन्ने गरिन्छ जस्तैः-

'जङ्गलवासी भयङ्कर डाँकाहरू शीत ऋतुमा किराहरूको संहार गर्छन् ।' (किराका लागि संहारको प्रयोग)

ग) विविधता

विषय र प्रयोगकर्ताको अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् । यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा : २०४८ : ११) । स्रष्टाले सिर्जना गरेको कृतिहरूमा जतिसक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् । शैलीविज्ञानले प्रयोग र प्रयुक्तिका आधारमा कृतिको विविधताको विश्लेषण गर्दछ ।

### २.३.३.३ भाषिक संरचना

आधार सामग्रीका रूपमा रहने भाषिक संरचना कृतिको माध्यम वा आधार हो । यसमा निम्नलिखित तीन पक्षभित्र केन्द्रित रहेर साहित्यिक कृतिको अध्ययन गरिन्छ :

क) ध्वनि वा वर्ण व्यवस्था

साहित्यिक कृतिमा रहेका खण्डीय र खण्डेत्तर वर्ण तथा ध्वनिको विश्लेषण गर्ने कार्य ध्वनि वा वर्ण व्यवस्थाभित्र गरिन्छ । यस सन्दर्भमा ध्वनिविज्ञान र वर्णविज्ञानको समेत सहयोग लिइन्छ । ध्वनि विज्ञान र वर्ण विज्ञानका सहयाताले कृति गत वर्ण व्यवस्थाको बयान र विश्लेषण गरिन्छ । (पौडेल, २०६९ : ४६)

ख) शब्दभण्डार व्यवस्था

कृतिमा रहेका जम्मा शब्द सङ्ख्या शब्दहरूको स्रोत र प्रकार, कार्य तथा शब्दार्थ सम्बन्ध के कस्तो रहेको छ भनेर शब्दभण्डार व्यवस्थाभित्र रहेर अध्ययन गरिन्छ । यसमा रूपविज्ञान र अर्थ विज्ञानका सहायताले कृतिगत शब्द भण्डार व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९ : ४७) ।

ग) व्याकरण व्यवस्था

यस अन्तर्गत रूप प्रक्रिया अर्थात रूपायन र व्युत्पादन, प्रक्रिया, पदसङ्गति, पदावलीको निर्माण, उपवाक्य र वाक्य, व्याकरणात्मक कोटिहरू, रूपान्तरण प्रक्रिया तथा तिनीहरूको कार्यको समीक्षा र मूल्याङ्कन व्याकरण व्यवस्थाभित्र गरिन्छ । यसमा कृतिभित्रको व्याकरणिक व्यवस्थालाई हेरिन्छ । यस सन्दर्भमा रूपविज्ञान र वाक्य विज्ञानको सहायताले कृतिगत व्याकरणिक व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९ :४७) ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

**कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ। उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ। यो गुणात्मक प्रकृतिको अध्ययन हो । यसै गरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख, रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दाजुल्दा शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ। उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडको आधारमा पाँच चरणमा वर्गीकरण गरी देखाइएको छ । पात्र/चरित्रको विश्लेषण र चयन, विचलन एवम् समानान्तरताको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन कार्य बुद्धिसागरद्वारा लिखित फाइनप्रिन्ट वुक्स प्रा.लि ले प्रकाशित **कर्नाली ब्लुज** उपन्यासमा केन्द्रित रहेको छ। उपन्यासमा प्रस्तुत भएका पात्र चरित्रहरूलाई नै जनसङ्ख्याको रूपमा लिइएको छ ।

नमुना छनोटका सन्दर्भमा पनि **कर्नाली ब्लुज** नामक सिङ्गो उपन्यासलाई नै नमुनाको रूपमा लिइएको छ। उपन्यासमा मञ्चीय भूमिकामा रहेका मानव पात्रहरू नै नमुनाका रूपमा छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधन

यस शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

क) प्राथमिक स्रोत

ख) द्वितीयक स्रोत

**क) प्राथमिक स्रोत**

यस शोधकार्यमा प्राथमिक स्रोतका रूपमा **कर्नाली ब्लुज** उपन्यासलाई लिइएको छ। त्यसैगरी आवश्यक मात्रामा सम्बन्धित कृतिका लेखक तथा समालोचकको स्रोत सल्लाह सुझावलाई आत्मसात गरिएको छ ।

**ख) द्वितीयक स्रोत**

यस शोधकार्यमा द्वितीयक स्रोतका रूपमा **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित समालोचनात्मक ग्रन्थहरू पत्रपत्रिकाहरू, शैली विश्लेषणसँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि तथा व्याख्या प्रक्रियाबाट तथ्याङ्क वा सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि वा प्रक्रियामा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ ।

यस अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य आधार बनाइनेछ । त्यसै गरी शैलीवैज्ञानिक सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । कथानक/पात्र चरित्रको विश्लेषण एवम् चयन, विचलन र समानान्तरतालाई आधार बनाएर संरचना शैली र व्याकरण पक्षलाई विश्लेषण गरिएको छ । आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धतिलाई आत्मसात गरेर तथ्याङ्कको प्रस्तुति तालिका मार्फत गरिएको छ ।

# अध्याय चार : व्याख्या तथा विश्लेषण

## ४.१ उपन्यासको कथानकको विश्लेषण

### ४.१.१ कथानक

**कर्नाली ब्लुज** उपन्यासको कथावस्तुलाई अगाडि बढाउने क्रममा उपन्यासकारले विभिन्न खण्डमा विभाजन गरी उपन्यासलाई पट्यारिलो हुनबाट जोगाएका छन् ।

बुद्धिसागरद्वारा लिखित 'कर्नाली ब्लुज'(२०६७) उपन्यासको बाह्य संरचनालाई हेर्दा यसको आकार मध्यम खालको पाइन्छ । यस उपन्यासमा लामा छोटा गरी जम्मा एघार खण्डहरू रहेका छन् । यो उपन्यासमा जम्मा ३७६ पृष्ठमा प्रस्तुत कथावस्तु उनिएको देखिन्छ ।

यो उपन्यास छोराको आँखाबाट पिताको सङ्घर्ष देखाउने उपन्यास हो । यस उपन्यासका प्रमुख पात्र 'वृषबहादुर' कै केन्द्रीयतामा उपन्यासको निर्माण भएको छ। यस उपन्यासका पात्र 'वृषबहादुर'को जीवनमा घटेका घटना र उनका बाल्यावस्थाका बिठ्याँइहरू साथै उनका पिताले गरेको सङ्घर्षका साथसाथै उपन्यासका विभिन्न पात्रहरूका मन छुने कथाहरू प्रस्तुत गरिएको छ । उपन्यासमा कर्णाली क्षेत्रका गाउँ मटेरादेखि कटासे बजार हुँदै सुदुर पहाड कालिकोटसम्मका मध्यम वर्गका मानिसहरूको दुःख पीडा, वेदना, जीवनशैली र सङ्घर्षका कुराहरूलाई देखाउने प्रयास गरिएको छ । अनि समाजका अन्धविश्वास र अनपढहरूको शिक्षाप्रतिको विचार, ग्रामीण क्षेत्रको आर्थिक स्तर आदिलाई यस उपन्यासले मुख्य विषयवस्तु बनाएको देखिन्छ । साथै समाजका ठूला भनाउँदाहरूले गरिब, असहाय, निमुखा र सोझा, सिधा जनतामाथि गर्ने अन्याय, अत्याचार एवम् दुर्व्यवहार आदि पक्षको प्रतिबिम्ब उतार्दै समाजमा यस्ता वर्गका मानिसहरूले कहिल्यै सुख नपाउने र जीवन सङ्घर्षमै बिताउने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ ।

उपन्यासको कथावस्तु अनुसार मटेरा निवासी 'वृषबहादुर' डाक्टर हर्षबहादुर र उनकी श्रीमतीको सन्तान हो । उनकी एक दिदी पार्वतीसहित वृषबहादुरका स-परिवार सुदुर तराईको गाउँ मटेरामा बसोबास गर्दै आएका हुन्छन् । उनको जन्म त्यही गाउँमा भएको हुन्छ र उनी त्यहीँ हुर्की बढी र बाल्यावस्था बिताएका हुन्छन् । त्यसपछि ऊ पढ्दै जाँदा एस.एल.सी.पश्चात काठमाडौँ आएर पढ्ने क्रममा एकदिन उनका बा बिरामी भएको खबरले उनी कोहलपुर हस्पिटल आइपुगेका हुन्छन् । त्यहाँ उनले आफ्ना बा र आमालाई भेट्दछन् । आफ्ना परिवारसँग विछोडिएको वा धेरै समयपछि भएको मिलनको दृश्य एकदम कारुणिक भावमा देखिन्छ । उनले देख्छन् : उनका बा अचेत अवस्थामा लडिरहेका वृषबहादुरले डाक्टरलाई सोधेपछि थाहा पाउँछन् उनका बालाई प्यारालाइसिस भएको र कम्मरदेखि मुन्तिरको भाग चल्नै छाडेको हुन्छ ।

वृषबहादुरका पिता हर्षबहादुर डाक्टरी पेशामा संलग्न रहेका हुन्छन्। उनले आफ्ना छोराछोरी साथै परिवार पाल्नका लागि धेरै सङ्घर्ष गरेका हुन्छन्। त्यति सङ्घर्ष गर्दागर्दै पनि आर्थिक स्थिति कमजोर भएका कारण एउटा घरमा पानी नचुहिने छानो लगाउन सकेका हुँदैनन्। आर्थिक अवस्था जे जस्तो भए पनि आफ्ना छोराछोरीलाई शिक्षित बनाउनुपर्ने भन्ने भावना उनमा सधैँ रहेको पाइन्छ। आफ्ना बालबच्चालाई उनीहरूको इच्छा चाहना अनुसार शिक्षा दिनका लागि सधैँ अनुकुल वातावरण बनाइराख्न उनी सक्षम भएको कुरा उपन्यासका प्रमुख पात्र वृषबहादुरका भनाइबाट प्रष्ट भएको छ। आफ्नो आर्थिक स्थिति सुधार्नकै लागि उनी मटेराबाट कटासेबजार भन्ने ठाउँमा आफ्ना परिवारसहित बसाई सरेका हुन्छन्, त्यहाँ पनि उनले मेडिकल नै चलाएका हुन्छन्। मटेरा नै रहँदा वृषबहादुरका घर छेउमा उनीहरूका छिमेकी ममता दिदीको घर रहेको हुन्छ। उनका बाआमा बीच मनमुटाव र भनाभन भइरहने भएकाले उनीहरूको आवतजावत बन्द भएको हुन्छ। केही समयपछि ममता बिरामी भएको कुरा वृषबहादुर र उनकी दिदी पार्वतीले थाहा पाएका हुन्छन्, सोही कुरा उनीहरूले आफ्ना बालाई पनि सुनाएका हुन्छन्। हर्षबहादुर ममताका बाआमासँग बोलचाल नभए पनि औषधी उपचार गरिदिने मनसायले ममताका घरमा पुग्छन् तर ममताका बाआमाले उनलाई ममतासँग भेट्नसम्म दिँदैनन् पछि धामी झाँक्रीमा विश्वास गरी उपचारको अभावले ममताको अकालमै ज्यान गएको हुन्छ। यसरी अन्धविश्वास र अनपढ भएकै कारण मानिसले अकालमै ज्यान गुमाउनु परेको कुरालाई यथार्थ चित्रण गरिनुका साथै वृषबहादुरका बा हर्षबहादुर छिमेकमा परेको बेला सहयोग गर्नुपर्छ भन्ने मनसायले ममताको घर जानुले व्यक्तिमा हुनुपर्ने मानवताको भावलाई उपन्यासमा उजागर गरिएको छ।

समयको परिवर्तनसँग वृषबहादुरका बालाई दिनप्रतिदिन जटिलता थपिँदै जान्छ। आर्थिक भारका साथै बुढेसकालले पनि सताएको हुन्छ। यता वृषबहादुरको उमेर बढ्दै जाँदा चकचके स्वभाव अझै बढ्न थाल्छ। एकदिन घरमा कोही नभएको मौका छोपी उनले घरको बाकसमा खोजतलासी गर्छन् त्यसैबेला छेउमा बालिरहेको टुकी घोप्टिएर आगो लागि घरका सारा सामान, पैसा, कपडा सबै डढेर खरानी भएको हुन्छ। यसरी बाल्यावस्थाका बिढ्याइँहरूले परिवारमा आइलाग्ने आपत डरलाग्दो हुने कुरा पनि प्रष्ट बनाएको छ। त्यसैगरी वृषबहादुरका बालसखी चन्द्रबहादुर अपाङ्ग भएको र उनकी आमा नभएको कारण बाले आवश्यक आवश्यक मात्रामा खोप नलगाइदिएको हुनाले आफू यस्तो अवस्थामा रहेको गुनासो चन्द्रबहादुरले पोखेपछि आमाको जस्तो माया ममता र रेखदेख साथै छोराछोरी प्रतिको दायित्व बाबुले मात्र पूरा गर्न नसक्ने सामाजिक मान्यता पनि प्रस्तुत गरिएको पाइन्छ।

समय बित्दै जाँदा वृषबहादुरका बाको सङ्घर्ष बढ्दै जान्छ । उनकी एक्ली छोरी पार्वती पनि आफैँ बिहे गरेर पराइ घर जान्छिन् । यो कुराले वृषबहादुरका बा झन् कमजोर पर्दै गएका हुन्छन् । कटासेमा पनि बजार उजाडिने कुराले वृषबहादुरका परिवार कटासेबाट पनि बसाइँ सरी कालिकोट पुगेका हुन्छन् । त्यहाँ उनका बाले मेडिकल पसल छाडी कपडा पसल खोलेर व्यापार गर्न थालेका हुन्छन् । यसरी एउटा मध्यम वर्गका मानिसहरूको जीवन सङ्घर्ष कहालीलाग्दो हुने कुरा सधैँ साथै कर्णाली क्षेत्रकै बासिन्दाहरूको दुःख, पीडा वेदना र जीवनशैलीलाई भाषिक आधारमा देखाउने प्रयास गरिएको छ ।

यसरी नै सङ्घर्षरत जीवन चल्दै जाने क्रममा वृषबहादुरकी दिदीले पनि भागेर बिहे गर्नु, वृषबहादुर पनि पढ्न भनी काठमाडौँ जानु, कालिकोटमा उनका बा र आमा मात्र हुनु, एउटा कपडा पसल खोली जीविकोपार्जन गर्नु, आफूले सोचेजस्तो पानी नचुहिने छानो भएको घर बनाउन नसक्नु र वृषबहादुरका बाको शरीर पनि कमजोर हुँदै जानु र भइरहेको मेडिकल पनि सुइ लगाउँदा बिरामीका पाखुरामा घाउ लागि पाक्न थाल्नु जस्ता घटनाक्रमले गर्दा वृषबहादुरका परिवारलाई समस्यामाथि समस्या थपिँदै जान्छ ।

केही समयपछि वृषबहादुरका वा बिरामी हुनु, उनलाई कोहलपुर हस्पिटल लगेर उपचार गर्न थाल्नु एवम् काठमाडौँ पढ्न गएका वृषबहादुर त्यही हस्पिटलमा आइपुगेका हुन्छन् । त्यसपछि हस्पिटलको रिपोर्ट अनुसार हर्षबहादुरलाई प्यारालाइसिस भएको हुन्छ । समय बित्दै जाँदा त्यही हस्पिटलमा उपचारका क्रममा वृषबहादुरका बा हर्षबहादुरको जीवन कहानी समाप्त भएको हुन्छ । उनको निधनपछि वृषबहादुरको आमा र उनले उनका बाको मृत्यु शरीरलाई पुरानो बसोबास सुर्खेत लिएर जान्छन्, यसरी यस उपन्यासको कथानक अन्त्य हुन्छ ।

यसरी **कर्नाली ब्लुज** उपन्यासमा कर्णाली प्रदेशमाा बसोबास गर्ने निम्न तथा मध्यम वर्गका मानिसहरूको दुःख, पीडा, जीवनशैली र आर्थिक स्थिति सुधार्नका लागि साथै सामान्य जीवन गुजारा गर्नका लागि गर्नुपरेका जीवन सङ्घर्ष र भोग्नुपरेका समस्याको चित्रण गरिएको छ । त्यसैगरी सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा देखापर्ने विकृति विसङ्गतिको पर्दाफास गरी उपन्यासलाई सामाजिक यथार्थका दृष्टिकोणले समेत विश्लेषण गरिएको पाइन्छ । विभिन्न पात्र सुहाउँदो भाषाको चयन गरी समाजका अन्धविश्वास, अनपढहरूको शिक्षाप्रतिको विचार, ग्रामीण क्षेत्रको आर्थिक स्तर आदिलाई यथार्थताको ऐनामा देखाउने कोसिस गरिएको छ ।

उपन्यासमा फरक परिवेश र फरक समाजका पात्रले उपन्यासको कथा गाँस्दै लगेका र फरक फरक पात्रका मन हुने कथाहरूका साथै पात्रहरूका बाल्यकालका उदण्ड व्यवहार सरल, सहज किसिमले प्रस्तुत गरिएको पाइन्छ ।

### ४.१.२ 'कर्नाली ब्लुज' उपन्यासको कथानक विकासक्रम

आख्यानात्मक विधाको अत्यन्त महत्वपूर्ण तत्वका रूपमा कथानकलाई लिइन्छ। कथावस्तु सिर्जनाको आधारका रूपमा कथानक आएको हुन्छ। आख्यानमा घटना तथा उपघटनाहरू चरणबद्ध रूपमा आएका हुन्छन्।

आख्यानात्मक कृतिको कथानकलाई हेर्ने विभिन्न सिद्धान्तहरूमध्ये जर्मन समालोचक गुस्ताव फ्रेटागले विकास गरेको सिद्धान्त महत्वपूर्ण मानिन्छ। आख्यानात्मक कृतिहरूमा पाइने कथानकको विकासक्रमलाई अध्ययन गर्ने उनको सिद्धान्तलाई फ्रेटागको पिरामिड भनिन्छ, जुन सुरुतिर फराकिलो र क्रमशः साँघुरिँदै अन्त्यतिर गएको हुन्छ। कथानकका सम्बन्धमा फ्रेटागको टेक्निकल 'अफ द ड्रामा' (सन् १८८३) भन्ने पुस्तकमा सूचीस्तम्भात्मक आधारमा **कर्नाली ब्लुज** उपन्यासको कथानकको विश्लेषण गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. : २

फ्रेटागको पिरामिडको आधारमा **कर्नाली ब्लुज** उपन्यासको कथानकको विकासक्रम

| कथानकको क्रम | कथानकको विकासक्रम | **कर्नाली ब्लुज** उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क | पृ.सं |
|---|---|---|---|
| १. आदि भाग | क) चिनारी | - कर्णालीको गाउँ मटेरास्थित जन्मिएका 'म' पात्र (वृषबहादुर) डाक्टर हर्षबहादुरका सन्तान हुन् जो आफ्ना बुबा आमा र एक दिदी सहित त्यहीँ मटेरामा बसोबास गर्दै आएका र त्यही गाउँमा हुर्की बढी बाल्यावस्था बिताउनु,<br>- 'म' पात्र मटेरामा रहँदा उसको बालसखी चन्द्रप्रसाद हुनु, बाल्यावस्थामै रहँदा 'म' पात्र र चन्द्रप्रसादले विभिन्न उदण्ड व्यवहारहरू गर्नु, एकदिन 'म' पात्रले चकचक गर्दागर्दै बलिरहेको टुकी घोप्टिएर घरमा आगो लागि सारा घर जलेर नष्ट हुनु,<br>- 'म' पात्रका घरछेउमै ममता दिदीको घर हुनु, ममताका बुबाआमा र 'म' पात्रका बुबाआमाबीच भनाभन भई आवतजावत बन्द हुनु तर ममता दिदी 'म'पात्र र पार्वतीका | |

| | | | |
|---|---|---|---|
| | | बीच राम्रो सम्बन्ध रहनु, एकदिन ममता दिदी बिरामी पर्नु उसका बाआमाले भूत लाग्यो भनी धामी झाँक्री लगाउनु तर ममता झन् सिकिस्त हुनु, त्यो कुरा 'म' पात्र र पार्वतीले थाहा पाउनु उनीहरूले ममता दिदी बिरामी भएको कुरा बा हर्षबहादुरलाई सुनाउनु, हर्षबहादुर डाक्टर हुनु, उनी ममताका घर जानु तर त्यहाँ ममताकी आमाले अनेकगाली गरी ममतासँग भेट्द नदिनु, त्यसको भोलिपल्टै ममताको मृत्यु हुनु,<br>- 'म' पात्रका परिवार साथै पार्वती पनि ममताको मृत्युको खबरले दुःखी हुनु,<br>- 'म' पात्रका बा हर्षबहादुर कटासे बजारमा मेडिकल पसल खोली त्यही मेडिकलको आम्दानीबाट आफ्नो र परिवारको जीविकोपार्जन गर्नु,<br>- हर्षबहादुर छोराछोरीलाई शिक्षा दिई सुखी बनाउने सपना राख्नु, त्यसपछि परिवारसहित कटासे बजार बसाइ जानु,<br>- कटासे जाने बेलामा 'म' पात्रलाई मगर मामाले खुर्पेटो चिनो दिनु,<br>- 'म' पात्रका परिवार सारा समान लडियामा राखी उनीहरू कटासे बजार पुग्नु,<br>- कटासे पुगेपछि 'म' पात्रको रमेशसँग भेट हुनु, उसले 'म' पात्रलाई सारा बजार घुमाइदिनु, एकराजसँग पनि चिनजान गराइदिनु,<br>- हर्षबहादुर केही समयपछि सुर्खेत जान्छु भनी कटासेबाट हिँड्नु, हर्षबहादुर नभएको बेला शिवशङ्कर झाले मेडिकल सम्हाल्नु,<br>- दुई महिनापछि हर्षबहादुर सुर्खेतबाट फर्कनु, आफ्ना बालाई देखेपछि 'म' पात्रको अनुहार अँध्यारो हुनु, हर्षबहादुरले 'म' | |

<table>
<tr><td></td><td></td><td>पात्र फेल भएको थाहा पाउनु,<br><br>- हर्षबहादुर 'म'पात्रको स्कुलमा गई सरसँग सल्लाह गरी 'म' पात्रलाई कक्षा ५ मा भर्ना गरिदिनु,</td><td></td></tr>
<tr><td></td><td>ख) सङ्घर्ष विकास</td><td>- कटासे आएको केही समयपछि पार्वती स्कुलबाटै भाग्नु, उनले बिहे गरेर गएको खबर 'म' पात्रका बा आमाले थाहा पाउनु,<br><br>- पार्वती भागेको थाहा पाएपछि 'म' पात्रका बाको दम बढ्न थाल्नु, 'म' पात्रका बाआमा निराश देखिनु, हर्षबहादुरको बिमार बल्झिन थाल्नु,<br><br>- केही समयअघि देखि बाटु नामकी केटी पनि 'म' पात्रका परिवारसँगै बस्दै आउनु,<br><br>- रमेशले 'म' पात्रलाई लम्कीमा आफ्ना बाले घर किनेको कुरा सुनाउनु, रमेशका परिवार त्यसपछि बसाइँ सरेर लम्की जानु,<br><br>- त्यसपछि कटासेका सबै बासिन्दा एकपछि अर्को गर्दै कोही लम्की, कोही चिसापानी भन्ने ठाउँतिर सर्नु,<br><br>- 'म' पात्रका घरमा बस्दै आएकी बाटुलाई पनि उसको दाजुले चार जना छोराछोरीको बाउसँग बिहे गरेर पठाउन,<br><br>- बिस्तारै कटासे बजार सुक्दै जानु,<br><br>- हर्षबहादुरले पक्की घर बनाउनु भनी किनेर राखेका सामान बेचिदिनु, त्यो देखेर 'म' पात्र र उसकी आमाको ठूलो कोठा र नचुहिने छानोमा बस्ने सपना टुट्नु,<br><br>- हर्षबहादुर सुर्खेद जान्छु भनी हिँड्नु, लामो समयपछि उनी कटासे फर्कनु,<br><br>- हर्षबहादुर सुर्खेत नगई कालिकोट गएको कुरा बताउनु,</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | - कालिकोटमा कपडा पसल गर्ने मनसायले आफ्ना परिवारलाई केही समयका लागि कालिकोट गएर बस्न आग्रह गर्नु, | |
| २. मध्य भाग | ग) चरम दोस्रो संकटावस्था | - 'म' पात्रकी आमा कालिकोट जाने कुराले रिसाउनु उनी खुशी नभएको कुरा व्यक्त गर्नु,<br>- जरीलाल सहित जम्मा आठजना भरियाका साथ 'म' पात्रका परिवार कालिकोटतिर लाग्नु,<br>- कर्नालीको किनार हिँड्दाहिँड्दै जाँदा 'म' पात्रले स्कुलकी साथी शर्मिलालाई देख्नु, आफूहरू पनि कालिकोटतिर बस्न हिँडेको बताउनु,<br>- छ सात दिनको हिँडाइपछि 'म' पात्र र उनका भरिया कालिकोटको सदरमुकाम मान्न पुग्नु,<br>- कालिकोटमा 'म' पात्रको मन्दिरेसँग चिनजान हुनु, सारा बजारको इतिहास मन्दिरेले 'म' पात्रलाई बताउनु,<br>- केही दिनपछि हर्षबहादुरले कालिकोटको बजारमा घर किन्नु, घर किनेर हर्षबहादुर खुशी हुनु तर पानी पर्दा घर चुहिन थाल्नु,<br>- जाँ गए पनि चुहिने छानो भनी 'म' पात्रकी आमाले दुःख पोख्नु, उनलाई कालिकोट बस्न मन नहुनु,<br>- हर्षबहादुर आफ्ना परिवारलाई आश दिलाउनु, दोकान राम्रै चलेको कुरा बताउनु,<br>- हर्षबहादुर दोकानको सामान ल्याउन भनी सामानको लिष्ट बनाई सुर्खेत लाग्नु 'म' पात्रकी आमाले सुर्खेततिर घडेरी हेर्न आग्रह गर्नु,<br>- जरीलाल 'म' पात्रका पसलमा सामान लिन आउनु,<br>- अठ्ठाइस दिनपछि हर्षबहादुर दोकानका सामान लिएर घर | |

| | | | |
|---|---|---|---|
| | | फर्कनु 'म' पात्रलाई पनि रेडियो र लेदरको ज्याकेट ल्याइदिनु ऊ खुशीले रमाउनु,<br>- समय बित्दै गएपछि अलिकति हिँड्दा पनि हर्षबहादुरको दम फुलेर घाँटी च्याँच्याँ बज्न थाल्नु, उनलाई बुढेसकालको कमजोरी र रोगले झट्ट सताउन थाल्नु,<br>- हर्षबहादुरले कपडा पसल सँगसँगै मेसिन किनेर कपडा पनि सिलाउन थाल्नु, सियोमा धागो छिराउँदा उसका हात काम्न थाल्नु,<br>- गाउँमा माओवादीको कुरा चल्न थाल्नु, डिएसपी मारेको खबरले सबै त्रसित हुनु,<br>- 'म' पात्रकी आमाले कालिकोटमा नबस्न हर्षबहादुरलाई आग्रह गर्नु, हर्षबहादुरले दोकानको उधारो रहेको पैसा र घर किन्ने मान्छे नभएको कुरा गर्नु,<br>- दोकानका सामान उधारो लाने जरीलाललाई माओवादी भनी पुलिसले पक्रनु 'म' पात्रको पसलमा जरीलाललाई सात हजार रूपैयाँ बाँकी हुनु,<br>- दोकानको सामान धेरै उधारो गएकाले 'म' पात्रका बाआमा निराश बन्नु, | |
| | घ) सङ्घर्षह्रास | - एस.एल.सी. पास गरेपछि 'म' पात्रको काठमाडौँ पढ्न जाने सपना हुनु,<br>- रिजल्ट आएपछि 'म' पात्र पास भएको खबर सुनी खुशी हुनु, बाआमा पनि खुशी हुनु,<br>- मन्दिरे फस्ट डिभिजनमा पास भएको कुराले सबै छक्क पर्नु, पछि 'म' पात्रले मन्दिरे फेल भएको थाहा पाउनु,<br>- मन्दिरे गाउँबाट हराउनु,<br>- 'म' पात्र काठमाडौँ पढ्न जाने कुराले उनका बाआमा दु:खी | |

| | | | |
|---|---|---|---|
| | | हुनु, तर छोराको चाहनाले गर्दा उनीहरूले 'म' पात्रलाई काठमाडौँ पढ्न पढाउनु, बाआमालाई सुखी बनाउने सपना राखी 'म' पात्र जाने तयारी गर्नु,<br>- काठमाडौँ जाने बेलामा 'म' पात्रले आफ्ना बाआमालाई नियालेर हेर्नु, गाला चाउरी परिसकेका आफ्ना बालाई देखेर 'म' पात्रले धेरै पढेर फर्की बाआमालाई पाल्छु भनी हिम्मत गर्नु,<br>- छोरो हिँडेपछि हर्षबहादुरको सङ्घर्ष अझ बढ्दै जानु, उनलाई राम्रोसँग पढाई ठूलो मानिस बनाउने सपना साकार बनाउन उनी आफ्नो व्यापारमा निरन्तर लागिरहनु, त्यही व्यापारबाट आएको पैसा 'म' पात्रलाई पढ्न खर्च पठाउनु,<br>- छोरी बिचमै पढाई छोडी हिँडेकी हुनाले हर्षबहादुर दुःखी हुनु, उसलाई पनि धेरै पढाउने सोच रहेको कुरा अभिव्यक्त गर्नु,<br>- काठमाडौँमा गएपछि गाउँमा घटेका विभिन्न घटना सुनी 'म' पात्र दुःखी हुनु, कालिकोटमा पनि व्यापार हुन छोडेको थाहा पाउनु,<br>- गाउँमा रहेका आफ्ना बाआमाको व्यापार नभएको र दुब्लाएको कुराले 'म' पात्र चिन्तित हुनु,<br>- तीन वर्षपछि 'म' पात्र गाउँ फर्कन, उनलाई देखि बाआमा खुशी हुनु, केही समय गाउँमा बसी 'म' पात्र फेरि काठमाडौँ फर्कनु, उनले मन्दिरे गाउँबाट भागेर माओवादी भएको कुरा मन्दिरेकी आमाबाट थाहा पाउनु,<br>- 'म' पात्र काठमाडौँ फर्किएको केही समयपछि उनकी दिदी पार्वतीले फोन गर्नु, घरमा बाआमाको दुःख 'म' पात्रलाई सुनाई घर फर्कन आग्रह गर्नु,<br>- हर्षबहादुरले घर बैंकमा राखेको कुरा 'म' पात्रले थाहा | |

| | | | |
|---|---|---|---|
| | | पाउनु, बाको ब्लडपेसर बढेको कुरा पनि पार्वतीले सुनाउनु,<br>- माओवादीले गाउँको फोनको टावर भत्काइदिनु, हर्षबहादुरले 'म' पात्रलाई चिठी लेखेर पठाउनु, त्यो नै उनको अन्तिम चिठी हुनु, | |
| | ङ) उपसंहार | - 'म' पात्र पढ्न गएको केही समयपछि उनका बा हर्षबहादुर घरमा बेहोस भएर लड्नु,<br>- चार दिनपछि बल्लतल्ल 'म' पात्रकी आमाले उनलाई हेलिकप्टरमा राखी हस्पिटल पुऱ्याउनु, ढिलो ल्याएको भनी डाक्टरले गाली गर्नु,<br>- बा बिरामी भएको सुनी 'म' पात्र कोहलपुर हस्पिटल आइपुग्नु, आफ्ना बा को त्यो अवस्था देखेर ऊ चिन्तित बन्नु,<br>- हर्षबहादुरका शरीरको आधा भाग चल्न छाड्नु, उनी हिँड्न नसक्ने हुनु, प्यारालाइसिस भएको कुरा डाक्टरले बताउनु,<br>- बिस्तारै हर्षबहादुर कमजोर बन्दै जानु उनी खाना खान पनि नसक्ने हुनु, उनलाई पाइपबाट खाना खुवाउनु,<br>- छोरी पार्वती पनि आफ्ना बालाई हेर्न अस्पताल आइपुग्नु, आफ्नो छोराको उनले बालाई देखाउनु,<br>- लामो समयसम्म हर्षबहादुरलाई डाक्टरको निगरानीमा राखी उपचार गर्नु, कहिले काहीँ बा हाँस्दा 'म' पात्रको मन खुशी हुनु,<br>- समय बित्दै जाँदा हर्षबहादुर चेत हराए जस्तो कुरा गर्न थाल्नु 'म' पात्र र उनकी आमा निराश हुनु,<br>- डाक्टरले 'म' पात्रलाई तिम्रा बा अब बाँच्न गाह्रो छ, अन्तिम अवस्था छ भनी बताउनु, साथै बाआमाका अगाडि दह्रो हुन आग्रह गर्नु, | |

| | | | |
|---|---|---|---|
| | | - डाक्टरले आफ्ना बा को अन्तिम इच्छा पूरा गर्न पनि 'म' पात्रलाई सल्लाह दिनु,<br><br>- डाक्टरको कुरा सुनेपछि बालाई पुरानो बसोबास सुर्खेत लान 'म' पात्र तयारी गर्नु,<br><br>- जीपमा राखेर उनलाई त्यहाँबाट हिँडाउनु,<br><br>- बाटामा जाँदाजाँदै आफ्नी श्रीमतीको काखमा हर्षबहादुरको मृत्यु हुन पुग्नु 'म' पात्रले बाटामा आफ्ना बा हिँडेका पैतालाका अवशेष अझै छन् भनी सम्झना गर्नु, यसरी नै **कर्नाली ब्लुज** उपन्यासको कथानक अन्त्य हुनु, | |

### ४.१.३ पात्र वा चरित्र

उपन्यासका प्रमुख तत्वहरूमध्ये पात्र वा चरित्र पनि एक महत्त्वपूर्ण तत्त्व हो । समाजका विविध प्रकारका मानवीय प्रवृत्तिको प्रस्तुति उपन्यासकारले उपन्यासमा पात्र वा चरित्रको माध्यमबाट नै प्रस्तुत गर्दछन् । उपन्यासको कथानकलाई पाठकका सामु जीवन्त रूपमा उतार्ने काममा चरित्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । आख्यानात्मक कृतिहरूमा मूल कथा तथा घटनाहरूलाई अघि बढाउने काम चरित्रबाट नै हुने गर्दछ । उपन्यासमा मानवीय, मानवेत्तर तथा जडवस्तुहरूलाई पनि पात्रका रूपमा प्रयोग गरिएको पाइन्छ ।

उपन्यासभित्रका पात्रले कुन सामाजिक वर्ग, जाति, पेशा र मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरिरहेको छ भनी त्यसका बारेमा गरिएको खोजी वा व्याख्या नै चरित्र चित्रण हो । जसले विशिष्ट कुराहरूको प्रतिनिधित्व गर्न सक्छ । उपन्यासका पाठकका लागि त्यही नै स्मरण योग्य बन्दछ । बानी, बोली, हेराई, क्रियाकलाप आदिले एउटा नयाँ व्यक्तित्को छाप पार्न सक्ने चरित्रको उपस्थिति उपन्यासमा अति बन्दनीय हुन्छ (बराल र एटम, २०५५ : ३४) ।

### ४.१.४ 'कर्नाली ब्लुज' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन

बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** बहुपात्रीय उपन्यास हो । ग्रामीण क्षेत्रका विषयवस्तुलाई समेटेर तयार पारिएको यस उपन्यासमा समाजमा रहेका विविध समस्याहरूलाई यथार्थको धरातलमा रही कलात्मक रूपमा चित्रण गरिएको छ । उपन्यासमा प्रयुक्त सबै पात्रहरूको प्रवृत्ति स्वभाव फरक फरक रहेको छ । उपन्यासमा मानवीय पात्रहरूको बाहुल्यता रहे तापनि

एउटा अमानवीय पात्र बिरालोलाई समेत समावेश गरिएको छ । उपन्यासमा कतिपय पात्रहरूलाई कथावस्तु अघि बढाई उपन्यासको उद्देश्य प्राप्तिका लागि समावेश गरिएको छ ।

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा म पात्र (वृषबहादुर) हर्षबहादुर, वृषबहादुरकी आमा पार्वती, ममता दिदी, चन्द्रप्रसाद भागीराम बाटु, सद्दाम, एकराज, रमेश, मन्दिरे, छोट्कु नर्मदा, डा. नन्दन आदि पात्रहरूले आ-आफ्नो स्थानमा रही महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। कथानकीय भूमिकामा महत्त्वपूर्ण योगदान दिने प्रमुख र केही सहायक पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ ।

**१. म पात्र (वृषबहादुर)**

पुरुष पात्र

उपन्यासको 'म' पात्र वृषबहादुर लिङ्गका आधारमा पुरुष पात्र हो । डाक्टर हर्षबहादुरको छोरो पार्वतीको भाइ भएका कारण यो कुरा पुष्टि हुन्छ ।

प्रमुख पात्र

उपन्यासको सिङ्गो कथावस्तु नै 'म' पात्रको केन्द्रीयतामा अगाडि बढेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै प्रत्यक्ष भूमिकामा देखापरेका 'म' पात्रकै सेरोफेरोमा रहेर उपन्यास टुङ्गिएको छ । त्यसैका कार्यका आधारमा ऊ प्रमुख पात्र हो ।

अनुकुल पात्र

उपन्यासको आरम्भमा 'म' पात्रको प्रवृत्ति केही प्रतिकुल देखिए तापनि त्यसलाई साथी सङ्गतिको प्रभाव र बालस्वभाव मान्न सकिन्छ। उपन्यासको अन्त्यतिर आफ्नो पढाइलाई निरन्तरता दिई बाबुआमालाई सुख दिने मनसायले ऊ पढ्न भनी काठमाडौँ गएको छ। पछि उसका बा बिरामी भएको सुन्ने बित्तिकै ऊ हस्पिटल आई आफ्ना बाको उपचार गरी सन्चो बनाउने प्रयत्नमा लागिपरेको र आफ्ना बाको राम्रोसँग रेखदेख गरेबाट उसलाई प्रवृत्तिका आधारमा अनुकुल पात्र हो भन्न सकिन्छ ।

गतिशील पात्र

स्वभावका आधारमा 'म' पात्र गतिशील पात्र हुन् । आफू सानो छँदा आफ्ना पितालाई संसारकै सबभन्दा ज्ञानी र बलवान् ठान्ने 'म'पात्रको सोचमा परिवर्तन आएको छ । उसले आफ्नो हुर्काइसँगै पिताको जीवन सङ्घर्ष र उमेर बढ्दै गएपछिको कमजोरी अवस्थाले आफ्ना पिता संसारकै दुःखी हु भन्ने धारणा राखी पढेर सुख देखि सपना बोकी काठमाडौँ गएको छ ।

वर्गगत पात्र

जीवन बिताउँदा वैयक्तिक शैलीलाई प्रधानता दिने भए पनि 'म' पात्र ग्रामीण क्षेत्रको निम्न मध्यम वर्गीय जनताको छोरो हो । 'म' पात्रले त्यस्ता व्यक्तिहरूको प्रतिनिधित्व गरेको हुँदा ऊ जीवन चेतनाका आधारमा वर्गगत पात्र हो ।

मञ्चीय पात्र

'म' पात्र उपन्यासको प्रमुख पात्र भएकै कारण उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष रूपमा क्रियाशील भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

बद्ध पात्र

उपन्यासको कथावस्तु 'म' पात्रकै सेरोफेरोमा सुरु भई अन्त्य पनि भएको छ। उसैको केन्द्रीयतामा उपन्यासको संरचना तयार भएको हुँदा उसको अनुपस्थितिमा उपन्यासले राखेको उद्देश्य प्राप्त गर्न सक्दैन । त्यसैले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो ।

**२. हर्षबहादुर**

पुरुष पात्र

उपन्यासमा भएका प्रमुख 'म' पात्र (वृषबहादुर) र पार्वतीको बुबा भएकाले ऊ लिङ्गका आधारमा पुरुष पात्र हुन् ।

सहायक पात्र

हर्षबहादुर उपन्यासको 'म' पात्रसँगै उपन्यासको कथावस्तु अगाडि बढाउन सहयोग गर्दै उपन्यासको सुरुदेखि अन्त्यसम्म महत्वपूर्ण भूमिकामा देखा परेको छ। त्यसैले कार्यका आधारमा हर्षबहादुर सहायक पात्र हुन् ।

अनुकुल पात्र

प्रवृत्तिका आधारमा हर्षबहादुर अनुकुल पात्र हुन् । आफ्ना सन्तानप्रतिको दायित्व पूरा गर्न सदैव तत्पर रहने र आफू पनि सङ्घर्षशील कार्यमा सकारात्मक भूमिका लिई अगाडि बढ्ने भएका कारण उनी प्रवृत्तिका आधारमा प्रस्तुत उपन्यासको अनुकुल पात्रको रूपमा चिनिन्छन् ।

गतिशील पात्र

उपन्यासका सुरुदेखि अन्त्यसम्म श्रम गर्ने हर्षबहादुर पहिला डाक्टरी पेशामा रहे पनि पछि उनी त्यसलाई अगाडि बढाउन नसक्ने सोच राखी पेशा बदल्छन्, त्यसैले स्वभावका आधारमा हर्षबहादुर गतिशील पात्र हुन् ।

वर्गगत पात्र

जीवन चेतनाका आधारमा हर्षबहादुर वर्गगत पात्र हुन् । उनलाई सङ्घर्षशील जीवन जीउने यात्रीका रूपमा पनि लिन सकिन्छ । उनले आर्थिक विपन्न वर्गका पुरुष पात्रको र आर्थिक मारमा पिल्सिएका निर्धा र गरिब जनताको प्रतिनिधि गरेको र अभावग्रस्त वर्गको उत्थानमा खासै महत्वपूर्ण योगदान दिन सकेको देखिँदैन । तसर्थ ऊ सोझा, निर्धा, गरिब र सङ्घर्षशील जनताको प्रतिनिधि पात्र हो ।

मञ्चीय पात्र

उपन्यासको अधिकांश भागमा प्रत्यक्ष रूपमा उपस्थित भई हर्षबहादुरले संवाद सहित कथानकलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैले ऊ आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

बद्ध पात्र

उपन्यासमा हर्षबहादुरको भूमिका महत्वपूर्ण रहेको छ । उसलाई उपन्यासबाट अलग्याउने हो भने उपन्यासको उद्देश्य पूरा हुन सक्दैन, त्यसैले हर्षबहादुर आबद्धताका आधारमा बद्ध पात्र हो ।

**३. वृषबहादुरकी आमा**

स्त्री पात्र

हर्षबहादुरकी श्रीमती वृषबहादुर र पार्वतीले आमा भनेबाट उनी लिङ्गका आधारमा स्त्री पात्र हुन् ।

सहायक पात्र

प्रमुख 'म' पात्रकी आमाको रूपमा उपन्यासको कथावस्तु अगाडि बढाउन सहयोग गर्दै उपन्यासको सुरुदेखि अन्त्यसम्म महत्वपूर्ण भूमिकामा देखा परेकी हुनाले उनी कार्यका आधारमा सहायक पात्र हुन् ।

अनुकुल पात्र

उपन्यासमा आफ्ना श्रीमान् र छोराछोरीको लागि उनले गरेका सङ्घर्ष र श्रीमान् बिरामी पर्दा भोक, तिर्खा, निन्द्रा केहीको वास्ता नगरी निरन्तर सेवामा लागिरहने र सकारात्मक कार्य गर्न

मात्र अगाडि बढ्ने भएका कारण उनी प्रवृत्तिका आधारमा प्रस्तुत उपन्यासको अनुकुल पात्रको रूपमा वृषबहादुरकी आमालाई चिन्न सकिन्छ ।

वर्गगत पात्र

ग्रामीण समाजकी निम्न मध्यम वर्गीय र आर्थिक विपन्न वर्गकी नारी पात्रको रूपमा 'म' पात्रकी आमा उपन्यासमा उपस्थित भएकी छिन् । आर्थिक रूपले मत्र नभएर श्रीमान्ले श्रीमतीमाथि गर्ने थिचोमिचो र अन्यायको पीडालाई सहर्ष रूपमा स्वीकार गर्ने नारीको प्रतिनिधित्व गर्ने उनी यस उपन्यासकी वर्गगत पात्र हुन् ।

मञ्चीय पात्र

उपन्यासमा प्रस्तुत भएकी 'म' पात्रकी आमाको कथानकलाई अगाडि बढाउन अहम् भूमिका भएका कारण आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

बद्ध पात्र

उपन्यासको प्रमुख 'म' पात्रकी आमाको रूपमा उपन्यासको भूमिकामा देखिएकी छिन् । आमालाई यस उपन्यासबाट हटाइदिँदा एउटा महत्वपूर्ण पक्ष हराउँछ तसर्थ आमा यस उपन्यासकी बद्ध पात्र हुन् ।

**४. पार्वती**

स्त्री पात्र

हर्षबहादुरकी छोरी 'म' पात्रकी दिदी लिङ्गका आधारमा स्त्री पात्र हुन् ।

सहायक पात्र

उपन्यासमा पार्वतीको भूमिका कम रहेकाले उनलाई कार्यका आधारमा सहायक पात्रका रूपमा लिन सकिन्छ ।

अनुकुल पात्र

उपन्यासको मध्यमा आफ्नै खुशीले भागेर बिहे गरे पनि बुबा आमा र भाइलाई माया गर्ने साथै बुबा बिरामी भएको सुनेर हस्पिटलमा हेर्न आउने साथै बुबा आमाको दुःख बुझ्न सक्ने र भाइलाई दुःख नदिनु भनी सम्झाई बुझाइ गर्ने पार्वती अनुकुल पात्र हुन् ।

गतिशील पात्र

बुबा आमाको साथ र माया पाउँदा पाउँदै पनि भागेर बिहे गर्ने पार्वती यस उपन्यासकी गतिशील पात्र हुन् ।

वर्गगत पात्र

पार्वतीको जस्तै जीवन बिताउने छोरी समाजमा थुप्रै छन् । त्यसैले ऊ वर्गगत पात्र हुन् ।

मञ्चीय पात्र

यस उपन्यासमा पार्वतीको भूमिका कथावस्तुको आवश्यकता अनुसार नै रहेकाले उनलाई मञ्चीय पात्रका रूपमा लिन सकिन्छ ।

बद्ध पात्र

पार्वती उपन्यासमा आम नेपाली चेलीहरूको प्रतिनिधित्व गर्ने पात्र हुन् । तसर्थ पार्वतीलाई उपन्यासकी बद्ध पात्रको रूपमा लिन सकिन्छ ।

**५. चन्द्रप्रसाद (चन्द्रे)**

पुरुष पात्र

'म' पात्रको साथी चन्द्रप्रसाद लिङ्गका आधारमा पुरुष पात्र हो ।

सहायक पात्र

कार्यका आधारमा चन्द्रे सहायक पात्र हो । उपन्यासमा उनको उपस्थिति कम मात्रामा भए तापनि उपन्यासको कथानकको विकासको लागि महत्वपूर्ण भूमिका निभाएका छन् ।

अनुकुल पात्र

उपन्यासमा उसको स्वभाव प्रतिकुल देखिए तापनि त्यसलाई बालस्वभाव मान्न सकिन्छ । उसकी आमा नभएकी र बाको राम्रो माया र रेखदेख नपाएकोले अपाङ्गगता भएको पात्र हो, उसको एउटा खुट्टा सुकेको छ। उपन्यासमा कुनै पनि खराब कार्य नगरेको हुँदा प्रवृत्तिका आधारमा ऊ अनुकुल पात्र हो ।

गतिशील पात्र

'म' पात्रको बालसखी चन्द्रप्रसाद स्वभावका आधारमा गतिशील पात्र हो । ऊ सुरुमा म पात्रसँगै स्कुल पढ्छ र परीक्षामा फेल भएको थाहा पाएपछि गाउँ छोडेर भागेको छ ।

वर्गगत पात्र

चन्द्रप्रसादको जीवन सामुहिक स्वार्थ वा वर्गीय हितको चिन्तन र दृष्टिकोणबाट टाढा रहेको देखिए तापनि आफ्ना परिवारबाटै माया र रेखदेख नपाई अपाङ्ग बन्न पुगेका बालबालिकाहरूको प्रतिनिधि पात्रको रूपमा चन्द्रप्रसाद उपन्यासमा आएको छ । त्यसैले ऊ जीवन चेतनाका आधारमा वर्गगत पात्र हो ।

मञ्चीय पात्र

उपन्यासमा चन्द्रप्रसादको अन्य पात्रसँग संवाद र केन्द्रिय भूमिका रहेकाले मञ्चीय पात्रका रूपमा प्रस्तुत भएको छ ।

बद्ध पात्र

चन्द्रप्रसादलाई उपन्यासबाट हटाउँदा उपन्यासमा एउटा महत्त्वपूर्ण पक्ष हराउँछ । तसर्थ चन्द्रप्रसाद यस उपन्यासको बद्ध पात्र हो ।

**६. ममता दिदी**

स्त्री पात्र

लिङ्गका आधारमा ममता दिदी स्त्री पात्र हो । पार्वतीकी साथी र 'म' पात्रले दिदी भनेका आधारमा ऊ स्त्री पात्र हो ।

सहायक पात्र

उपन्यासमा ममता दिदीले उपन्यासको कथानकलाई अगाडि बढाउन र उपन्यासको उद्देश्यसम्म पुग्न निकै ठूलो भूमिका खेलेकी छे त्यसैले ऊ कार्यका आधारमा सहायक पात्र हो ।

अनुकुल पात्र

ममता दिदीले अरूको अहित गर्ने काम उपन्यासमा गरेको देखाइएको छैन बरु मिलनसार साथीको रूपमा प्रस्तुत भएकी हुनाले उसलाई अनुकूल पात्रको रूपमा चिन्न सकिन्छ ।

गतिहीन पात्र

ममता दिदी उपन्यासमा गतिहीन पात्रको रूपमा देखापरेकी छे । ऊ आफ्नी आमाले नराम्रो गाली गर्दा पनि जवाफ दिन सक्दिन । उनका बा आमाले बिरामी भएकी उममतालाई धामी झाँक्रीको विश्वास गरी औषधी उपचार गर्दैनन् र ममताको अकालमै मृत्यु हुन्छ । मृत्युको स्थिति हेर्दा पनि ऊ गतिहीन पात्र हो ।

वर्गगत पात्र

उपन्यासमा ममता दिदीले अन्धविश्वासी प्रवृत्तिबाट प्रभावित भएर ज्यान गुमाउनु परेका ग्रामीण युवतीहरूको प्रतिनिधित्व गरेकी छे। त्यसैले जीवन चेतनाका आधारमा ऊ वर्गगत पात्र हो ।

मञ्चीय पात्र

उपन्यासमा महत्वपूर्ण भूमिकाका साथमा ममता दिदीको उपस्थित भएर संवाद र वार्तालापमा संलग्न देखिएकाले ऊ उपन्यासकी मञ्चीय पात्र हो ।

बद्ध पात्र

समाजमा अन्धविश्वासी प्रवृत्तिले आम नेपाली युवा युवतीले भोग्नुपरेका कुरा र अकालमै ज्यान गमाउनुपर्ने दयनीय कुराहरूलाई ममता दिदीको भूमिकाले देखाएकोले ऊ कथानकमा बाँधिएकी देखिन्छ ।

**७. सद्धाम**

पुरुष पात्र

लिङ्गका आधारमा सद्धाम पुरुष पात्र हो। स्वास्नी छोरा हुँदाहुँदै पनि बाहिरी महिलासँग सम्बन्ध गाँस्ने र पछि परिवारबाट टाढा भई एक्लो जीवन बिताउने सद्धाम उपन्यासको एक पुरुष पात्र हो ।

गौण पात्र

कार्यका आधारमा सद्धाम गौण पात्र हो। समाजमा रहेर आफ्नो परिवार स्वास्नी छोरो भएर पनि परस्त्रीसँग सम्बन्ध नजिक बनाउने सद्धाम उपन्यासको मध्य भागमा देखापरेको छ। उसको भूमिका प्रमुख सहायक पत्रका तुलनामा धेरै कम देखिन्छ। त्यसैले ऊ गौण पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।

प्रतिकुल पात्र

प्रवृत्तिका आधारमा सद्धाम प्रतिकुल पात्र हो। उसले घरमा स्वास्नी र छोरो हुँदाहुँदै पनि अमेरिकाबाट आएकी कए महिलासँग नजिक भएको थाहा पाएपछि स्वास्नीले छोरो लिएर माइत गएकी र अमेरिकाबाट आएकी महिलाले पनि पछि लिन आउँछु भनी झुक्याइ अमेरिकातिर फर्केपछि ऊ परिवार बिहिन भई एक्लो जीवन बिताउन बाध्य भएको हुनाले ऊ स्वतः प्रतिकुल चरित्रको पात्र साबित हुन्छ ।

गतिशील पात्र

स्वभावका आधारमा सद्धाम गतिशील पात्र हो । पहिले बिहे गरेर स्वास्नी र छोरो छोडी परस्त्रीसँग सम्बन्ध गाँस्ने र पछि धोका पाएपछि एक्लो जीवन बिताउने सद्धाम अन्तिममा 'म' पात्रसँग भेट भएपछि आफ्नो छोरोलाई सम्झिन पुग्छ । त्यसपछि नियतिबस उसको खोलामा डुबेर भएको हुन्छ ।

मञ्चीय पात्र

सद्धाम मञ्चीय पात्रका रूपमा देखा परेको छ। उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष देखिन्छ। संवाद तथा वार्तालापमा प्रत्यक्ष संलग्न भएर उसले कथानकलाई अगाडि बढाएको देखिन्छ ।

व्यक्तिगत पात्र

आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार सद्धाम उपन्यासको व्यक्तिगत पात्र हो ।

बद्ध पात्र

सद्धामलाई यस उपन्यासबाट झिकिदिँदा संरचनामा असर पर्ने भएकाले बद्ध पात्रका रूपमा मान्न सकिन्छ ।

**८. बाटु**

स्त्री पात्र

लिङ्गका आधारमा बाटु स्त्री पात्र हो । भग्गुकी बहिनी तथ्यले यो कुरा प्रष्ट भएको छ ।

गौण पात्र

कार्यका आधारमा बाटु गौण पात्र हो । उपन्यासमा कमै भूमिकामा रहेकी बाटु 'म' पात्रका घरमा बस्न थालेकी छ । ऊ 'म' पात्रका घरमा एकदमै खुशी भएकी हुन्छे तर त्यो क्षण धेरै समय टिक्दैन । उसको दाजुले एउटा बुढोसँग बिहे गरेर पठाइदिन्छ । उपन्यासको मध्य भागमा देखिएकी बाटुलाई गौण पात्रका रूपमा लिन सकिन्छ ।

अनुकूल पात्र

उपन्यासमा बाटुलाई अनुकूल पात्रका रूपमा चित्रण गर्न सकिन्छ। ऊ कसैको कुभलो चिताउँदिन र कसैलाई धोका दिन काम नगरेकी हुँदा बाटु यस उपन्यासकी अनुकूल पात्र हो ।

गतिहीन पात्र

बाटु उपन्यासमा गतिहीन पात्रका रूपमा देखापरेकी छे। ऊ आफ्ना दाजुले बुढो मानिस उसका लागि बिहे गर्न ल्याउँदा पनि कुनै प्रतिकार गरेकी छैन। उसले बिहे गरेर अर्काको जिम्मा लगाइदिएको हुन्छ। बाटु चुपचाप त्यो मान्छेका साथमा जान्छे।

वर्गगत पात्र

जीवन चेतनाका आधारमा बाटु वर्गगत पात्र हो। उसले आफ्ना परिवारका सदस्यबाट शोषित हुनुपरेका र स्वतन्त्र चाहनामा आवाज उठाउन नसक्ने नारी चरित्रको प्रतिनिधित्व गरेको देखिन्छ।

मञ्चीय पात्र

उपन्यासमा बाटुको वर्णन प्रत्यक्ष रूपमा भएकाले ऊ मञ्चीय पात्र हो।

बद्ध पात्र

उपन्यासमा बाटुको भूमिका महत्वपूर्ण रहेको छ। उपन्यासबाट हटाउँदा उपन्यासले पूर्ण सफलता पाउन सक्दैन। त्यसैले आबद्धताका आधारमा बाटु बद्ध पात्र हो।

**९. मन्दिरे**

पुरुष पात्र

'म' पात्रको साथी मन्दिरे उपन्यासको पुरुष पात्र हो। उसका बा एघार वर्ष अघि कर्नालीको तुइन चुट्टिएर खसी बेपत्ता भएका र ऊ आफ्नी आमासँग कालिकोटको सदरमुकाम मान्ममा बसेको हुन्छ।

सहायक पात्र

उपन्यासको मध्यभागबाट देखा परेको मन्दिरे उपन्यासको गति बढाउन र उद्देश्य प्राप्तिका लागि मन्दिरेले निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। त्यसैले ऊ कार्यका आधारमा सहायक पात्र हो।

अनुकुल पात्र

यस उपन्यासमा मन्दिरेको कुनै पनि किसिमको नकारात्मक व्यवहार देखिएको छैन। सबेरै उठ्ने आमालाई घरको काम सघाउने साथीसँग राम्रो व्यवहार गर्ने जस्ता चारित्रिक व्यवहारले उपन्यासमा ऊ असल पात्रका रूपमा चिनिन्छ। त्यसैले प्रवृत्तिका आधारमा ऊ अनुकुल पात्र हो।

गतिशील पात्र

उपन्यासको सुरुमा मन्दिरे आफ्नै गाउँमा आमासँग बसे पनि पछि एस.एल.सी. फेल भए पछि ऊ गाउँबाट भागेर माओवादी भएको घटनाले मन्दिरे स्वभावका आधारमा गतिशील पात्र हो ।

वर्गगत पात्र

मन्दिरे असफलताबाट भाग्ने वर्गको प्रतिनिधित्व गरी उपन्यासमा देखिएको हुनाले ऊ वर्गगत पात्र हो ।

मञ्चीय पात्र

उपन्यासको धेरैजसो भागमा प्रत्यक्ष उपस्थित भई उपन्यासको कथावस्तुलाई अगाडि बढाउन संवादहरू प्रस्तुत गरेको हुँदा मन्दिरे आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

बद्ध पात्र

मन्दिरेको उपस्थिति यस उपन्यासमा महत्वपूर्ण रहेको छ । उसलाई उपन्यासबाट हटाउँदा उपन्यासले पूर्ण रूपमा सफलता पाउन सक्दैन । त्यसैले आबद्धताका आधारमा बद्ध पात्र हो ।

तालिका नं. : ३

**कर्नाली ब्लुज** उपन्यासका पात्रहरूको वर्गीकरण

| क्र. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | गति. | गतिहिन | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | वृषबहादुर (म) | + | | + | | + | | | + | | + | | + | | + | |
| २. | हर्षबहादुर | + | | + | | | + | | + | | + | | + | | + | |
| ३. | म पात्रकी आमा | | + | + | | | + | | + | | + | | + | | + | |
| ४. | पार्वती | | + | + | | | + | | + | | + | | + | | + | |
| ५. | चन्द्रबहादुर | + | | + | | | + | | + | | + | | + | | + | |
| ६. | ममता दिदी | | + | | + | | + | | + | | + | | + | | + | |
| ७. | सद्धाम | + | | + | | | | + | | + | | + | + | | + | |
| ८. | बाटु | | + | | + | | | + | + | | + | | + | | + | |
| ९. | मन्दिरे | + | | + | | | + | | + | | + | | + | | + | |
| १०. | राजा साहेब | + | | | + | | | + | | + | | + | | + | | + |
| ११. | डा. नन्दन | + | | + | | | + | | + | | + | | + | | + | |
| १२. | नर्मदा | | + | | + | | + | | + | | + | | + | | + | |
| १३. | कान्छा बा | + | | | + | | | + | + | | | + | | + | | + |
| १४. | जरीलाल | + | | + | | | | + | + | | | + | + | | + | |
| १५. | जोगीराम | + | | + | | | | + | | + | + | | + | | + | |
| १६. | शर्मिला | | + | + | | | | + | + | | | + | + | | + | |
| १७. | रमेश | + | | | + | | + | | + | | | + | + | | + | |
| १८. | शिवशङ्कर | + | | + | | | | + | + | | | + | + | | + | |
| १९. | छोट्कु | + | | | + | | | + | + | | | + | + | | | + |

### ४.१.५ चयनका आधारमा 'कर्नाली ब्लुज' उपन्यासको विश्लेषण

भाषाको न्युनतम सार्थक एकाइ शब्द हो । यसले भाषिक अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ । सर्जकले आफ्नो साहित्यिक रचनालाई उपयुक्त, प्रभावकारी र अर्थपूर्ण बनाउनका लागि भाषामा पाइने विभिन्न शब्दहरूमध्ये एउटै अर्थका लागि श्वास शब्द मात्र छनोट गर्दछ । यही कार्यले कृति रोचक र प्रभावकारी बन्दछ । यस अध्ययनमा **कर्नाली ब्लुज** उपन्यासमा उपन्यासकार बुद्धिसागरले गरेको शब्द चयनअन्तर्गत निम्न पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ :

#### १. तत्सम शब्द चयन

संस्कृत स्रोतबाट जस्ताको तस्तै अर्थात् रूप नफेरिकन नेपालीमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । प्रस्तुत उपन्यासमा तत्सम शब्दको सार्थक एवम् उपयुक्त प्रयोग भएको पाइन्छ । उदाहरणले उक्त कुराको पुष्टि हुन्छ :

क) यसैलाई भाग्य भन्छन् । (पृ.११)

ख) उस्तै छ । आमाले आशा भरिएका आँखाले डाक्टरलाई हेर्नुभो । (पृ.१२)

ग) त्यो बाटो ज्योतिषी बाको आँगन पुग्थ्यो । (पृ.२९)

घ) बुढाहरू खुशी हुँदै भन्थे- भगवानकै दूत हुन् मेरो तर्फबाट चिया खुवाऊ । (पृ.६६)

ङ) घाम आकाशमै झुन्डिए पनि मलाई लागिरहेको थियो, मेरै थाप्लामा थ्याच्च बसेको छ । (पृ.८०)

च) वार्ड छेउ के पुगेको थिएँ, आमाको तिखो वाण भेटी त हालेँ । (पृ. ९०)

छ) म्याउँ- डेरी र भित्ताको अँध्यारो चेपबाट मसिनो आवाज निस्कियो, आवाज अत्यन्तै आत्मीय थियो । (पृ. १०२)

ज) शङ्खको आवाज सारा मटेरा घुमेर फर्कियो । (पृ. १०८)

झ) जीवन कुमालेको चक्रझैँ घुम्छ । (पृ.२४३)

ञ) बाको नाडी सुन्निदै गएर सलाइन घोपिएका दाग मेटिएको थियो । (पृ.....)

माथि रेखाङ्कन गरिएका शब्दहरू उपन्यासमा प्रयुक्त तत्सम् शब्दहरूका केही उदाहरणहरू हुन् । यी शब्दहरू उपन्यासमा सार्थक रूपमा प्रयोग भएका छन् । उपन्यासमा

तुलनात्मक रूपमा तद्भव तथा आगन्तुक शब्दहरूको बाहुल्यता रहेको भए पनि तत्सम शब्दहरूको यथेष्ट मात्रामा प्रयोग भएका छन् ।

### २. तद्भव शब्द

संस्कृत स्रोतबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा उपयोग भएका केही तद्भव शब्दहरूका उदाहरणहरू निम्नानुसार छन् :

क) भित्र लहरै बेडमा मानिस अचेत भएर लडिरहेका थिए । (पृ.५)

ख) हामी आएको बुढोले चाल पायो, भुइँमा तेर्सिएको हाम्रा छायाँ देखेको हुनुपर्छ । (पृ.७०)

ग) उमा दिदीका बा थिएनन्, एउटी बुढी आमा बाहेक अरू कोही थिएन । (पृ.९६)

घ) राती बा आँखा राता बनाउँदै गर्जिनुभो । (पृ.११२)

ङ) त्यो त जेठो छोरा जस्तो थिई, त्यसले धोका दिई । (पृ.२४२)

च) गन्ध मन्दिरेकै टाउकोबाट आइरहेको अड्कल काटे । (पृ.२९०)

छ) घरमा स्वास्नी र उनीमात्र थिए । छोरो इन्डिया थियो । (पृ.३१०)

### ३. आगन्तुक शब्द

संस्कृत स्रोतबाट भन्दा अन्य स्रोतबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक शब्द नेपाली भाषामा पाहुनाका रूपमा आएका हुन्छन् । नेपालमै बोलिने विभिन्न राष्ट्रिय भाषाहरू तथा विदेशमा बोलिने विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्द अन्तर्गत पर्दछन् । प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दहरूको केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) इमर्जेन्सी वार्डको ढोका अलिकति उघ्रेको थियो । (पृ.५)

ख) ट्वाइलेट पनि कति फोहोर, भुइँको काइले चिप्लाएर भित्तामा बजार्देला जस्तो । (पृ.१५)

ग) मटेरामा सबैले उसलाई भन्थे- सन्दिपे क्यामेरा मेन । (पृ.५९)

घ) यसरी सिरिन्ज उमाल्ने काम शिवशङ्करको नै थियो । (पृ.१३५)

ङ) माथिल्लो तलामा पुगेपछि अब कहिल्यै चाहिँदैन भने जसरी किताब हुत्याइदिएँ । (पृ.१५५)

च) बाथरुम हेर्दै था हुन्छ, यो सर्कारी अस्पताल हो । (पृ.१८९)

छ)	मिनरल वाटर बोतलमा स्याउको जुस ल्याउँदा गेटपाले छेउमै ठेलामा चिया पिइरहेको थियो । (पृ.१९१)

ज)	पाइलट कुइरेहरू हेलिकप्टरलाई नियालिरहेका हर्षित मान्छेतिर हेर्दै चुरोट तानिरहेका थिए । (पृ.३०८)

माथि रेखाङ्कन गरिएका शब्दहरू आगन्तुक शब्द हुन् । यस्ता आगन्तुक शब्दको प्रयोग **कर्नाली ब्लुज** उपन्यासमा प्रशस्तै पाउन सकिन्छ । यी शब्दहरूमा पनि अङ्ग्रेजी भाषाबाट आएका शब्दहरूको बाहुल्यता देखिन्छ ।

### ४. झर्रा तथा अनुकरणात्मक शब्द

कुनै स्रोतबाट नभएर आफ्नै नेपाली परिवेशसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएका शब्दहरू झर्रा शब्द हुन् । कुनै आवाज, घटना प्राकृतिक अवस्था आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा उतारिएको भाषिक तहलाई अनुकरणात्मक शब्द भनिन्छ । आवाजको अनुकरण गर्ने शब्द देखेर थाहा पाइन्छ । प्रस्तुत बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका यस्ता शब्दहरूका केही उदाहरणहरू निम्नानुसार छन् :

क)	म हस्याङफस्याङ गर्दै ऊ छेउ पुगेँ । (पृ. ५)

ख)	मैले चिटचिट पसिना भरिएको उनको निधारमा बिस्तारै हात राखेँ । (पृ.६)

ग)	एकै छिनमा हेलिकप्टर जुरुक्क उचालियो, फनक्क घुम्यो । (पृ.१०)

घ)	ठेला अगाडि बेन्चमा पनि झोक्राएका केही मानिस सुरूपसुरूप चिया सुर्क्याउँदै थिए । (पृ.१४)

ङ)	तप्पतप्प पानी चुहियो र ऊ सऱ्याकसऱ्याक अर्को बेडतिर गई । (पृ.१६)

च)	बाटोका कुरोमा ठोकिएर साइकलका तिल्ली बजे तिर्लिडतिर्लिङ । (पृ.१९)

छ)	त्यसरात अबेरसम्म बा आउनु भएन, आमा रातभरि सुँक्कसुँक्क गरिरहनुभो । (पृ.७९)

ज)	मैले सुनेँ- म्याउँम्याउँ मसिनो र कमजोर आवाज । (पृ.१०२)

झ)	आमाका गोडा लगलगी कापे । आमा लर्बरिँदै पिँढीमा थ्याच्च बस्नुभो । (पृ.१०८)

ञ)	म भने खुशीले फुरुङ्ङ भएँ, अब हाम्रो पनि पक्की घर हुनेभो । (पृ.१३४)

ट)	सुत्नु अगाडि चिठी कुनै लुकाएको थिएँ तर बिहान ब्युँझदा त भुसुक्कै बिर्सिएछु । (पृ.१५९)

माथि रेखाङ्कन गरिएका शब्दहरू **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरूको सन्दर्भानुकुल प्रयोगका कारण

उपन्यासको भाषा अत्यन्तै कलात्मक र जीवन्तता प्राप्त गरेको देखिन्छ। यस्ता झर्रा तथा आगन्तुक अनुकरणात्मक शब्द उपन्यासमा पर्याप्त पाइन्छन्।

### ४.१.६ कार्यका आधारमा शब्द चयन

#### १. विशिष्ट नामको चयन

वस्तु, व्यक्ति, ठाउँ, पदाथए, भाव आदिलाई जनाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ। यसमा कोशीय अर्थ सन्निहित हुन्छ। नाम वाक्यात्मक संरचनामा आउँदा प्रायः वाक्यादि निर्धारक र विशेषणपछि आउँछ, यसलाई के, को, कसले आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ। लिङ्ग, बचन, आदर र कारकका आधारमा रूपायन हुने भएकाले यो विकारी वर्गअन्तर्गत पर्दछ। प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त केही नामपदका उदाहरण निम्नानुसार छन् :

क) गेटपालेले एउटा मान्छेलाई बाटो देखाइरहेको थियो। (पृ.५)

ख) एक्काइस या बाइस वर्ष जतिको केटो फोनमा कान टाँसेर मुसुमुसु हाँसिरहेको थियो। (पृ. १३)

ग) नमस्ते है, मोटो जुँगावाल मान्छे आइपुग्यो। (पृ.२०)

घ) त्यहाँ राक्षसजस्तो केटो थियो तीनटाउके। (पृ.६३)

ङ) वार्डमा डाक्टर मोहम्मदको बारेमा किंवदन्ती पनि सुनियो। (पृ. ९१)

च) एकै छिनमा पङ्खाको फ्याटफ्याटलाई चिर्दै बाको नाम उच्चारण भयो- हर्षबहादुर। (पृ. १२२)

छ) ऊ त्यो कुसुमको रुखदेखि उतासम्म, बाले इशारा गर्दै भन्नुभो। (पृ. १२४)

ज) अझै कति दिन ह्याँ बस्नुपर्छ, मैले सकिँदै गएका पैसा सम्झेर सोधेँ। (पृ. १४७)

झ) उनीहरू हेर्न चाहन्थे- पहाडभन्दा अग्लो कर्नाली पुल। (पृ.२०९)

ञ) छेउको टेबुलमाथि एउटा कमिला हिँडिरहेको थियो। (पृ.२४७)

माथि रेखाङ्कन गरिएका शब्दहरू नाम शब्द हुन्। त्यस्ता विभिन्न नाम शब्दको समुचित प्रयोगले उपन्यासको कथानक सरल र प्रभावकारी बन्न पुगेको छ।

#### २. सर्वनाम चयन

नाम, पदावली वा वाक्यको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ। सर्वनामले नाम, नामपदावली वा नामिक वाक्यको पुनरुक्तिलाई रोक्ने कार्य गर्दछ। बचन, पुरुष, कारक र आदरका आधारमा यसको रूपायन हुन्छ। सर्वनामपदहरूका केही उदाहरण निम्नानुसार देखाइएको छ :

क) म हस्याङफस्याङ गर्दै ऊ छेउ पुगें । उसले मलाई नियाल्यो । (पृ.५)

ख) ऊ गएपछि मैले बिरामी कुरुवाबाट उसको नाम पत्ता लगाएँ । (पृ.५५)

ग) उनी खरानी रङको दौरासुरुवाल लाउँथे । (पृ.६५)

घ) हामी आएको बुढोले चाल पायो । (पृ.७०)

ङ) म जिस्काउँथे तपाईंले त नौ बजेको समाचार पढ्न थाल्नुभो भने राति एघार बजे सकिन्छ । (पृ.१३९)

च) तिमी आउँदा हामी कति खुशी हुन्छौं, तिमीलाई के था ? (पृ.२२३)

छ) तँ चलेर मात्र नबस् । (पृ.२४५)

माथि रेखाङ्कन गरिएका सर्वनाम पदहरूले **कर्नाली ब्लुज** उपन्यासका नामपदहरू दोहोरिएर आउने भद्धापनलाई हटाएर भाषिक मधुरता र आकर्षण थप्ने काम गरेको देखिन्छ ।

### ३. विशेषणको चयन

नामको गुण, दोष, मात्रा, अवस्था आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । लिङ्ग, बचन, कारक र आदरका आधारमा यसको रूपायन हुन्छ । यसलाई कुन, कस्तो, कम्ती, कत्रो आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ । कुनै व्यक्ति, वस्तु, ठाउँ आदिका गुण, विशेषता, अवस्था, परिणाम, सङ्ख्या आदि जनाउने शब्द विशेषण हो । **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका केही विशेषण शब्दको उदाहरणहरू निम्नानुसार छन् :

क) फार्मेसीको ठूलो सिसाभित्र पट्टि बुढो मानिस कुर्सीमा अढेस लागेर टाउको पछाडि ढल्काउँदै उँघिरहेको थियो । (पृ.१३)

ख) मैले गह्रुँगो गरी काँध उठाएँ । (पृ.१५)

ग) टनिक खाएर नै होला, मेरा गाला पुक्क परेका थिए, हात र पाखुरा पनि मोटामोटा । (पृ. २३)

घ) दिदी लालटिनको उज्यालोमा पढ्दैथिन् । (पृ.२६)

ङ) ज्योतिषी बाले सेतो कपडा पटुका झैं फनफनी फुकाए । (पृ.१०९)

च) अगाडिको ट्रकले फालेको कालो धुवाँको मुस्लो बटारिँदै आउँथ्यो र एम्बुलेन्सका सिसामा ठोकिन्थ्यो । (पृ.१२०)

छ) तिम्रो रूप रंग मात्र होइन, व्यवहार पनि राम्रो छ । (पृ.२२३)

माथि रेखाङ्कन गरिएको विशेषणहरूको प्रयोगले गर्दा उपन्यासमा भाषिक मधुरता, आकर्षक र प्रभावकारिता वृद्धि गर्ने काम गरेको देखिन्छ ।

### ४. क्रियापदको चयन

कर्ताले गरेको कार्यव्यापार बुझाई वाक्यात्मक संरचना पूर्ण गर्ने पद क्रियापद हो । यसले घटना स्थिति र कार्यव्यापारलाई जनाउँछ । यसले वाक्यात्मक संरचनालाई व्याकरणगत पूर्णता दिने काम गर्छ । **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग गरिएका केही क्रियापदका उदाहरणहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

क) ममता दिदीकी आमा मटेरा नै थर्कने गरी कराइन् डाक्टरले हाम्रो खेत खायो । (पृ.३८)

ख) कालिकोटे ग्राहकका लागि सधैँ मुस्कुराइरहने बज्यैको मुहारमा अब आँसु मुछिएको थियो । (पृ.५१)

ग) खुशीरामको अत्तोपत्तो थिएन - रूपेडियातिर भागेजस्तो छ, धेरैले अनुमान लगाए । (पृ.७९)

घ) हाम्रो रिजल्ट सुनाउने जिम्मा कर्णबहादुर सरले लिएका थिए । (पृ.८०)

ङ) सुरुचि फतफताउँदै गई । एकछिन त सबै शान्त भयो । (पृ.१४८)

च) ऊ आमाछेउ टुक्रुक्क बसेकी थिई । (पृ.१५६)

छ) त्यसपछि त के भो के भो ! पालैपालो सप्पै हिँडे । (पृ.२४९)

माथि रेखाङ्कन गरिएका शब्दहरू **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग गरिएका क्रियापदहरू हुन् । क्रियापदहरूको उचित प्रयोग भएका वाक्यात्मक संरचनाहरूको प्रयोगले उपन्यासमा भाषिक सौन्दर्य गरेका देखिन्छ ।

### ५. क्रियाविशेषणको प्रयोग

कुनै पनि वाक्यमा प्रयुक्त क्रियाको विशेषता जनाउन आउने क्रियायोगी पदहरू क्रियाविशेषण हुन् । यिनीहरूका कारण भाषिक सुन्दरता, मधुरता र मिठास उत्पन्न हुन्छ । **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त क्रियाविशेषणहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

क) बालाई ठिङ्ङ उभ्याएँ । (पृ.१५)

ख) स्याउको दाना नाइटबसको गन्धझैँ ठस्स गनायो । (पृ.१७)

ग) बाको लुलो टाउको कहिले बायाँ त कहिले दायाँ ढल्किन्थ्यो । (पृ.५३)

घ) डरले मेरा हातगोडा फतक्क गल्दा म सिउँडीको काँडामा ददारिँदै खसेको थिएँ । (पृ.७६)

ङ) त्यसैले त उनको अनुहार फुङ्ङ उडेको देखिन्थ्यो । (पृ.८९)

च) भित्र भित्र आयो हर्वार सल्किए जस्तो । (पृ.११९)

माथि रेखाङ्कन गरिएका शब्दहरू **कर्णाली ब्लुज** उपन्यासमा प्रयोग गरिएका क्रियाविशेषण हुन् ।

### ६. नामयोगीको चयन

नामिक पद (नाम, सर्वनाम, विशेषण)सँग जोडिई आउने र आफ्ना् स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रूपमा प्रयोगमा नआउने अव्यय पदलाई नामयोगी भनिन्छ । यस उपन्यासमा प्रयोग भएका केही नामिक पदका उदाहरणहरू निम्नानुसार छन् :

क) उनलाई टाउकोदेखि गोडासम्म, गोडादेखि टाउकोसम्म नियालेँ । (पृ.६)

ख) म पहिलोपल्ट बाआमासँग छुट्टिदैँथे, इन्द्रेनीको छुट्टिरहेको एकटुक्रा रङझैँ । (पृ.८)

ग) म त्यो नोटसँगै हस्पिटल भित्रकै फार्मेसीमा पुगेँ । (पृ.१३)

घ) केही महिनाअघि मैले माइजुलाई देख्दा उनको पेट बाख्राको सानो पाठो जत्रो थियो । (पृ. ६७)

ङ) मैले पहिलोपल्ट कटासेमा देखेको डोजर हात्तीभन्दा ठूलो थियो, पहेँलो रङको । (पृ.७३)

च) मेरा आँखामाथि झुन्डिएका थिए, बा र आमाका अनुहार । (पृ. ७५)

छ) अर्को बेडमा बालक थपिएपछि झने थाकेकी छ । (पृ.९२)

ज) दगुर्दै पालबजारभन्दा पर पुगेपछि लाज गयो । (पृ. १२५)

झ) पन्ध्र मिनेटजतिमा डाक्टर मोहम्मदले वार्ड सके र हुलमुलसहित बाहिरिए । (पृ.३०२)

ञ) अस्पताल आइपुगेको पाँच दिनपछि, अलि अघि डाक्टर मोहम्मदसित गुनगुन गरेपछि डाक्टर नन्दनले भनेछ, एकदिनै लखनऊ पुऱ्याऊ, नत्र बाँदैन । (पृ.३०३)

### ७. निपातको प्रयोग

आफ्नो स्वतन्त्र अर्थ नभएको तर वाक्यमा प्रयुक्त भई भनाइमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्ययलाई निपात भनिन्छ । निपातको छुट्टै अर्थगत अस्तित्व भने हुँदैन तर वाक्यका आश्रयमा रही अर्थ प्रभावित पार्नमा भने यसको अस्तित्व देखिन्छ । प्रस्तुत **कर्णाली ब्लुज** उपन्यासमा प्रयुक्त केही निपात शब्दका उदाहरण निम्नानुसार छन् :

क) के भाको हो र ? आमालाई सोधेँ । (पृ.९)

ख) डर लागे भन्नु नि । (पृ. २४)

ग) उनी एकछिन त अल्मलिएछन्, दिऊँ कि नदिऊँ । (पृ. ९१)

घ) पढ्न त पऱ्यो के रे, आमाले बाको तालु सुम्सुम्याउँदै भन्नुभो कहिल्यै फर्किन्न कि ? (पृ. ९३)

ङ)	जा त गाईगोरु आइसके होलान्, आमाले भान्सातिर छिर्दै भन्नुभो- पाउना पो हुन् कि ! (पृ.१२४)

च)	लामो लामो सास फेर्छ र चिच्याउँछ । (पृ. १४९)

छ)	एई, मलाई पनि चढा न ! (पृ.१५१)

ज)	कि त लाइसेन्स ल्याउनुस्, कि त मेडिकल बन्द गर्नुस् । (पृ.१६५)

झ)	मन दह्रो गर्नुस् न सन्चो हुन्छ के रे । (पृ. २६३)

ञ)	दशैंमा त आइहाल्छु नि । (पृ.३४६)

## ८. संयोजक शब्दको चयन

शब्द, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ । संयोजक शब्द, त्यस्ता शब्द हुन्, जसको स्वतन्त्र अर्थ र प्रयोग हुँदैन । प्रस्तुत **कर्णाली ब्लुज** उपन्यासमा प्रयुक्त केही संयोजकका उदाहरणहरू निम्नानुसार छन् :

क)	बाउको नाउ रहेछ, कृष्ण तर सबैले भन्दा रैछन् किस्नजी । (पृ. ८९)

ख)	घर अरूलाई हेर्देउ है भनेर पनि क्यै हुन्छ ? (पृ. ९३)

ग)	नर्मदाले सलाइन र पलङमुन्तिरको पिसाब भरिएको प्लाष्टिकको थैलो हेरी । (पृ. ९४)

घ)	कसैले केही छ्यास्स सानो गल्ती गऱ्यो भने पनि साउजी मुक्कामुक्की गर्न तम्सन्थे । (पृ.९५)

ङ)	काखमा आएपछि एकपल्ट बिरालोले अगाडिका खुट्टाका तिखा र बाङ्गिएका लामा नङ मेरा नाडीमा बिस्तारै दह्रायो अनि कुइरा आँखाले मलाई हेऱ्यो । (पृ.१०३)

च)	देख्न त मैले चिसापानी भरि हटेरु जुत्ता पनि देखेको थिए, तर त्यो भन्नै सकिन । (पृ.२१३)

माथि रेखाङ्कन गरिएका शब्दहरू **कर्णाली ब्लुज** उपन्यासमा प्रयोग गरिएका संयोजक पदहरूका केही उदाहरण हुन् । यस उपन्यासमा सापेक्ष र निरपेक्ष दुवै संयोजकहरूको प्रशस्त मात्रामा उपयुक्त र सान्दर्भिक चयन गरिएको देखिन्छ ।

## ९. विस्मयादिबोधक पदको चयन

हर्ष, विस्मात, घृणा, आश्चर्य, दुःख, निराशा आदिको अभिव्यक्तिमा प्रयोग गरिने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ । यसलाई मनको विकार वा भाव जनाउने शब्द मानिन्छ । प्रस्तुत **कर्णाली ब्लुज** उपन्यासमा प्रयुक्त केही विस्मयादिबोधक शब्दहरूको उदाहरणहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) छि ! कस्तो हेला गरेका हुन् तिनलाई । (पृ. ४१)

ख) बरा ! उसले दुःख देखाई । (पृ.५२)

ग) यो घरमा त थरुनीको भूत छ रे ! (पृ. ७६)

घ) म त मर्छु कि के हो ! उनले भनिन् । (पृ. १०६)

ङ) आमा ! दिदीको चित्कार निस्कियो । (पृ. १०८)

च) कुन दशा लाएर त्यो अस्पतालमा ल्याइएछ । (पृ. १४८)

छ) ए तिमी ! उनले टर्चको उज्यालोमा घडी हेरे । (पृ. ३६८)

माथि रेखाङ्कन गरिएका शब्दहरू विस्मयादिबोधक पद हुन् । यस्ता पदहरू प्रस्तुत उपन्यासमा प्रसङ्गानुसार प्रयोग भएको पाइन्छ ।

**सारांश**

कुनै पनि साहित्यिक अभिव्यक्ति वा कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपयुक्त र सान्दर्भिक भाषिक एकाइको प्रयोग गर्नुपर्दछ । शब्द आदि भाषिक एकाइको सुविचारित छनोट नै चयन हो । विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गर्न रचनाकारले उपयुक्त र विशिष्ट किसिमको भाषिक एकाइको चयन गरी रचनालाई आकर्षक, प्रभावकारी र स्तरीयता प्रदान गर्दछ । वर्ण, शब्द, पद, पदावली र वाक्य जस्ता भाषिक एकाइमा हुने चयनका कारण भाषिक अभिव्यक्तिमा जीवन्तता पैदा हुन्छ ।

**कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दको प्रयोग पाइन्छ भने नामपद, सर्वनामपद, विशेषण पद, क्रियापद, क्रियाविशेषण, निपातको प्रयोग पनि उत्तिकै सार्थक र प्रभावकारी रूपमा भएको देखिन्छ । प्रयोगका दृष्टिले पनि प्रस्तुत उपन्यास सबल पाइन्छ । यसमा बिन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्न जस्ता लेख्य चिह्नहरूको पनि उपयुक्त र सार्थक ढङ्गले प्रयोग भएको देखिन्छ ।

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा सरल र जटिल दुवै प्रकारका वाक्यहरूको प्रयोग भएको देखिन्छ । एक शब्ददेखि लिएर लामालामा वाक्यहरू विभिन्न भाव जनाउने सन्दर्भमा प्रयुक्त भएका छन् । यिनीहरूको प्रयोगले पनि यस उपन्यासको भाषामा भाषिक चमत्कारिता पैदा भएको देखिन्छ । यसका साथै नेपाली समाजको वैयक्तिक भाषा वा व्यक्ति बोलीको स्पष्ट छाप र प्रभाव उपन्यासमा पाइन्छ । त्यसैले पात्र, उमेर, जात, पेशा, शिक्षा आदि कुराहरूलाई स्थान र परिवेश अनुकुल प्रयोगका साथै भाषिक प्रयोग पनि प्रभावकारी ढङ्गमा रहेको देखिन्छ ।

### ४.१.६ विचलन

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण अर्थात् मानकेत्तर प्रयोगलाई भाषिक विचलन भनिन्छ (शर्मा, २०४८ : २७)। भाषिक नियमको विचलन गरेर साहित्यकारले भाषिक अभिव्यक्तिलाई आलङ्कारिक बनाउँछ। यही आलङ्कारिकताका कारण लक्ष्यार्थ, व्यङ्ग्यार्थद्वारा साहित्यिक रचनामा भावमयता र श्रुतिमधुरता पैदा हुन्छ।

साहित्यिक रचनाका क्रममा सर्जक असचेत रूपमा मानकताबाट विचलित हुन पुग्दछ। यसको मुख्य कारण के हो भने उसले भाषिक नियममा बाँधिएर आफ्नो अभिव्यक्तिलाई प्रभावकारी ढङ्गबाट अभिव्यक्ति गर्न सक्दैन। तसर्थ ऊ परम्परागत भाषिक मान्यता छोडेर नयाँ शैलीगत रचनाको निर्माण गर्न पुग्दछ र साहित्यिक रचनामा विचलन देखा पर्दछ। सामान्यतः कृतिमा व्याकरणिक, कोशीय, ध्वनिप्रक्रियात्मक भाषिकागत जस्ता विचलनहरू देखा पर्दछन्। यिनै विचलनले साहित्यिक कृतिको भाषालाई सुन्दर, कलात्मक बनाउँदछन्।

### २. व्याकरणिक विचलन

प्रत्येक भाषाको आ-आफ्नो व्याकरणिक व्यवस्था हुन्छ। भाषालाई व्यवस्थित गर्ने काम त्यस भाषाको व्याकरयणिक नियमले गरेको हुन्छ। व्याकरणिक नियमका विपरीत देखापर्ने भाषिक अवस्थालाई व्याकरणिक विचलन भनिन्छ। व्याकरणिक अवस्थामा बाँधिएर भन्दा स्वच्छन्द किसिमबाट साहित्य सिर्जना गर्न साहित्यकार खुशी हुन्छन्। किन भने व्याकरणिक विचलनका कारण कृतिमा आलङ्कारिकता, अर्धगाम्भीर्यता, लिङ्ग, वचन, पुरुष, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणिक विचलन हुन्। **कर्नाली ब्लुज** उपन्यासमा देखापरेका विचलनलाई निम्न उदाहरणमा हेर्न सकिन्छ :

क) पर्लक्क उसले गहिरा आँखामाथि फर्काइ। (पृ. २५१)

ख) सात कक्षा पास भएपछि मलाई भिनाजुले पढाउँछु भन्या छन्। (पृ. ४२)

ग) माथिल्लो ओठको चेपमा सुर्ती च्यापेर थुकिरहन्थ्यो, ठुटे कपाल। (पृ. २३४)

घ) दिदीले पनि पुलुक्क हेरिन्, फेरि घोसेमुन्टो लाइन्। (पृ.१०२)

ङ) कोहलपुरको स्मारकनेर नेपालगञ्जबाट बस आइपुग्यो, मान्छेले अटेसमटेस। (पृ. २६५)

च) बा मेडिकलमा हुनुहुन्थेन। (पृ. १३५)

छ) तालीको आवाज चिर्दै कर्णबहादुर सर कक्षामा छिरे, नेपाली पढाउने सर। (पृ. २३७)

ज) बा उदास र निराश देखिनुभो, केही महिना। (पृ १८१)

यसरी माथिका उदाहरणहरूमा व्याकरणात्मक विचलन पाइन्छ त्यसमा पनि लिङ्गगत विचलन बढी भएको पाइन्छ । कर्ता, कर्म र क्रिया अनुसार पदक्रम मिलेको पाइदैँन । यसरी हेर्दा **कर्नाली ब्लुज** उपन्यासमा लिङ्ग, वचन, पुरुष, आदर आदि व्याकरणिक कोटिमध्ये तुलनात्मक रूपमा लिङ्ग र आदरका आधारमा विचलन अत्याधिक भएको पाइन्छ ।

**३. अर्थतात्विक विचलन**

अर्थका सन्दर्भमा देखिने विचलनलाई अर्थतात्विक विचलन भनिन्छ । यसमा प्रकृतिको मानकीकरण र मानवको प्रतिकीकरण गरिएको हुन्छ । प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका अर्थतात्विक विचलनका केही उदाहरणहरू निम्न छन् :

क) हेलिकप्टरबाट ओर्लेका केटाकेटीले हेलिप्याडमा बसेर तातेका आफ्ना छाती चिसो बतासले सेके । (पृ. १०)

तातेका छाती चिस्याउन चिसो बतासले सेक्ने हैन शीतल बनाउने हो । यसर्थ यसमा अर्थतात्विक विचलन देखिन्छ ।

ख) भुइँको काइले चिप्लाएर भित्तामा बजार्देला जस्तो । (पृ. १५)

काइका कारण चिप्लिएर लडिन्छ तर भित्तामा लगेर बजार्दैन किनभने काइ प्राणी होइन त्यसैले बजार्देला भन्नु अर्थतात्विक विचलन हो ।

ग) हाम्रा केटाकेटीहरू हेर, सिन्कीझैँ सुकेका । (पृ. २३)

यहाँ केटाकेटीको शरीर दुब्लाउँछ सिन्की जस्तो सुक्दैन, त्यसैले शरीरलाई सिन्कीसँग तुलना गर्नु अर्थतात्विक विचलन हो ।

घ) घाइते हात्तीझैँ कराइरहेका थिए, लहरै पाँचवटा डोरज । (पृ. ७४)

डोजर कराउने सजिव प्राणी होइन, यसबाट एक प्रकारको ध्वनि निस्कन्छ । यसर्थ डोजर हात्तीझैँ कराउनु भन्नु विचलन हो ।

ङ) मुटुमा चिसो सिरेटोले छोएर गयो । (पृ. ७४)

यहाँ सिरेटोले मुटु छुने कुरा भौतिक सत्य होइन, हावा त बहन्छ र मुटुले चिसोको अनुभव मात्र गर्न सक्छ । यसर्थ विचलन छ ।

च) अब भने डोजरले हाम्रा घरतिर पिलिक्क आँखा फर्कायो । (पृ. ७४)

डोजर आँखा हुने वस्तु होइन तर डोजर पिर्लिक्क आँखा फर्कायो भन्नु विचलन हो ।

छ) अब मेरो दिमागमा नसामा कमिलाहरू दगुर्न थाले । (पृ. ८१)

यहाँ कमिला दिमागमा नसामा दगुर्नु भौतिक सत्य होइन । कमिला त जमिनमा हिँड्ने प्राणी हो तसर्थ कमिला दिमागमा दर्गुन थाल्नु भन्नु विचलन हो ।

ज) बा त मेरा जस्तो पो पिट्नु भएन तर मुटुमै थप्पड हान्नुभो । (पृ. ८३)

थप्पड गालामा हानिन्छ, यहाँ मुटुमा थप्पड हान्नुभो भन्नु अर्थतात्विक विचलन हो ।

**४. ध्वनि प्रक्रियात्मक विचलन**

प्रत्येक भाषाको आ-आफ्नै ध्वन्यात्मक प्रक्रिया रहेको पाइन्छ । भाषिक उच्चारणका क्रममा देखापर्ने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । शब्दको मानक स्वरूपभन्दा भिन्न किसिमले उच्चारण हुनु नै ध्वनिप्रक्रियात्मक विचलन हो ।

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा पनि मानक रूपभन्दा भिन्न विचलनयुक्त ध्वनिहरूको प्रयोग पर्याप्त मात्रामा पाइन्छ भन्ने तथ्य निम्न उदाहरणबाट पुष्टि हुन्छ :

क) अँ भर्खरै आको हुम् । काँ जानु भाथ्यो ? (पृ.८)

ख) यो भित्तो पनि आजै राती भत्किला भैँ गरेर रसा छ । (पृ. ३६)

ग) च्या खान पाइन्छ ? (पृ.७१)

घ) राजा साहेबका जेठा छोरा आछन् रे । (पृ. ७१)

ङ) मलाई था छैन, तिम्ले हेऱ्या कति मऱ्या छन् ? हयाँबाट गइहाल । (पृ.१०७)

च) लौ त भेना यो मटेराँ आफ्नो भन्ने हजुर्नै हुनुहुन्थ्यो । (पृ. १३०)

छ) के मलाई सलाई बेच्नी ठान्या छौ । (पृ. १३८)

ज) म छक्क परेँ । क्या पनि भा छैन ? (पृ. १६८)

माथिका रेखाङ्कन गरिएका शब्दहरूमा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ । यी ध्वनिप्रक्रियात्मक विचलनलाई तिनको मानव ध्वनिक्रमका साथ निम्न तालिकामा देखाइएको छ ।

तालिका

| क.सं. | वाक्य | विचलित ध्वनिक्रम | मानक ध्वनि |
|---|---|---|---|
| १. | क | आको हुम् | आएको हुँ |
| २. | क | काँ | कहाँ |
| ३. | क | भाथ्यो | भएको थियो |
| ४. | ख | रसा | रसाएको |
| ५. | ग | च्या | चिया |
| ६. | घ | आछन् | आएका छन् |
| ७. | ङ | था | थाहा |
| ८. | ङ | तिम्ले हेऱ्या | तिमीले हेरेका |
| ९. | ङ | मऱ्या | मरेका |
| १०. | ङ | ह्याँ | यहाँ |
| ११. | च | भेना | भिनाजु |
| १२. | च | मटेराँ | मटेरामा |
| १३. | च | हजुर्नै | हजुर नै |
| १४. | छ | बेच्नी ठान्या | बेच्ने ठानेका |
| १५. | ज | ब्या | बिहा |
| १६. | ज | भा | भएको |

यस्ता ध्वनिप्रक्रियात्मक विचलनहरू **कर्नाली ब्लुज** उपन्यासमा प्रशस्त पाइन्छ। ध्वनिप्रक्रियात्मक विचलनका कारण प्रस्तुत उपन्यासको भाषिक अभिव्यक्ति आकर्षक, प्रभावकारी र स्वभाविक भएको देखिन्छ।

## ५. भाषिक विचलन

मानक भाषिकाको प्रयोग नगरी अमानक भाषिकाको प्रयोग गर्नाले यस्तो विचलन देखिन्छ। प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका भाषिक विचलनका उदाहरणहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) नरो, भोलि ल्याइदिम्ला। (पृ.२२)

ख) जा, तेरा बालाई भात घिच्न बोला। (पृ. ३५)

ग)	क्यार्छेउ दिदी, यत्तिका रिबन । (पृ. ६३)

घ)	एउटा खुट्टा पो सुक्या छ त । (पृ. ६३)

ङ)	के बनाउन लाको ? (पृ. ६४)

च)	ह्याँ आउनुस् त । (पृ. १२८)

छ)	कटासेको सप्पैभन्दा ठूलो । (पृ. १३३)

माथि रेखाङ्कन गरिएका शब्दहरू भाषिक विचलन भएका शब्दहरू हुन् । **कर्नाली ब्लुज** उपन्यासमा अन्य विचलनका तुलनामा भाषिक विचलन बढी पाइन्छ ।

### ४.१.७ समानान्तरता

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०४८ : १०) । विचलनको विपरीत देखापर्ने उपकरण समानान्तरता हो, किनभने विचलन अनियमितता हो भने समानान्तरता चाहिँ अतिरिक्त नियमितता हो । समानान्तरता दुई प्रकारको हुन्छ :

### ४.१.७.१ बाह्य समानान्तरता

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त बाह्य समानान्तरताको केही उदाहरणहरू निम्नानुसार छन् :

क)	उनलाई टाउकोदेखि गोडासम्म, गोडादेखि टाउकोसम्म नियालेँ । (पृ.६)

- शब्दगत र वर्णगत समानान्तरता

ख)	काँध उठाए खुट्टा उठ्दैन, खुट्टा उठाए काँध उठ्दैन । (पृ.१५)

- शब्दगत र वर्णगत समानान्तरता

ग)	यताउता बटारिँदा बटारिँदैमा बाको कम्मर सड्केजस्तो भयो । (पृ.१६)

- वर्णगत समानान्तरता

घ)	प्रायः बेडका बिरामी निदाएझैँ पल्टेका थिए, कोही उत्तानो, कोही कोल्टे, कोही घोप्टो । (पृ. १७)

- वर्णगत समानान्तरता

ङ)	ध्वजैध्वजा र घन्टी नै घन्टीले भरिएको । (पृ.१९)

- शब्द र वर्णगत समानान्तरता

च)	कसैले चामल दिए, मैले आठ आना, कसैले एक रुपियाँ । (पृ.३०)

- वर्णगत समानान्तरता

छ)	कहिले डाकाको कहिले सर्कारको । (पृ.६९)

- वर्णगत समानान्तरता

ज)	जुरेली उड्यो, जमराखोला हुँदै माथिमाथि अझै माथि । (पृ.१४२)

- शब्दगत समानान्तरता

माथिका उदाहरणमा वर्ण, शब्द, पद आदिको आवृत्तिबाट बाह्य समानान्तरता सिर्जना भएको देखिन्छ । यसरी बाह्य समानान्तरताको प्रयोगद्वारा भाषिक अभिव्यक्तिलाई प्रभावकारी र आकर्षक तुल्याइएको छ ।

### ४.१.७.२ आन्तरिक समानान्तरता

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका केही आन्तरिक समानान्तरतायुक्त वाक्यहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

क)	तुवाँलो लागेझैँ मेरा अगाडिका सारा दृश्य धमिलिँदै गए, आमाको अनुहार पनि । (पृ.९)

(अर्थ) यहाँ निराशाले अनुहार कालो हुनुलाई तुवाँलोसँग दाजिएको छ। त्यसैले यसमा आन्तरिक समानान्तरता छ ।

ख)	त्यही स्ट्यान्डमा बाको दायाँ हात स्यार्रस्यार्र तलमाथि, माथितल भइरहेको थियो । (पृ.१६)

(अर्थ) यहाँ तलमाथि र माथितल शब्दको अर्थ एउटै भए तापनि यी भिन्नभिन्न शब्दको प्रयोगबाट आन्तरिक समानान्तरता भएको छ ।

ग)	स्याउको दाना नाइटबसको गन्धझैँ ठस्स गनायो । (पृ.१७)

(अर्थ) गन्धसँग ठस्स शब्दलाई जोडेर अर्थलाई अलङ्कृत गर्न खोजेकाले यसका आन्तरिक समानान्तरता पाउन सकिन्छ ।

घ)	झ्वाट झर्झराइरहेको अगुल्टो रापिलो अगुल्टो मेरो मुख नजिक आयो । (पृ.३४)

(अर्थ) यहाँ भर्भराइरहेको अगुल्टो र रापिलो अगुल्टो शब्दका तात्पर्य एउटै भए तापनि यी भिन्न भिन्न शब्दको प्रयोगबाट आन्तरिक समानान्तरता भएको छ ।

ङ) आगोमा हिँडेर आएझैँ बाका पैताला एकदम रापिला थिए त्यस्तै निधार जता छाम्यो त्यतै ज्यान त भट्टीझैँ रापिलो, भित्रभित्र आगो ध्वार्र सल्किएजस्तो । (पृ. ११९)

(अर्थ) बाको टाउको र पैतालालाई आगोसँग दाँजेर आगोमा हिँडेर आएझैँ बाका पैताला एकदम रापिला थिए भनेर उपमानबाट अलङ्कृत गरिएको छ ।

च) बजारका सातवटा गल्ली हटेरुका लथालिङ्ग छरिएका, च्यातिएका र उधिएका थोत्रा जुत्ताले भरिएका हुन्थे । (पृ.१३)

(अर्थ) यहाँ छरिएका, च्यातिएका र उधिएका शब्दको अर्थ एउटै भए तापनि यी भिन्नभिन्न शब्दको प्रयोगबाट आन्तरिक समानान्तरता भएको छ ।

छ) तर, एकदिन त थाहा भैहाल्यो, शिवशङ्कर यति काँतर, उदास, निराश हुनुको रहस्य । (पृ. १६३) ।

(अर्थ) यहाँ उदास र निराश शब्दको अर्थ एउटै भए तापनि यी भिन्न भिन्न शब्दको प्रयोगबाट आन्तरिक समानान्तरता भएको छ ।

यसरी प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा आन्तरिक समानान्तरताको प्रयोगले उपन्यासको भाषा कलात्मक आकर्षक र आलङ्कारिक बन्न पुगेको देखिन्छ ।

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा आन्तरिक र बाह्य समानान्तरको समुचित प्रयोगले भाषालाई सुन्दर र कलात्मक बनाएको छ। यस उपन्यासको भाषा आन्तरिक र बाह्य समानान्तरताका कारण जीवन्त, सार्थक र प्रभावकारी भएको पाइन्छ ।

### ४.२ छलफल/व्याख्या

**कर्नाली ब्लुज** उपन्यासको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ। तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ। यस उपन्यासमा सङ्ख्यात्मक रूपमा पात्रहरू बढी भए पनि कथानकलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रहरूको संख्या भने सीमित रहेको छ। यस उपन्यासका प्रमुख पात्रको रूपमा उपन्यासका 'म' पात्र वृषबहादुर रहेका छन् भने सहायक पात्रका रूपमा 'म' पात्रका बुबा, आमा, पार्वती, ममता दिदी, मन्दिरे, चन्द्रे, भागीराम, शिवशङ्कर, छोट्कु, डाक्टर नन्दन, नर्मदा सहायक पात्र रहेका छन्। त्यसैगरी गौण पात्रका

रूपमा सद्धाम, जरीलाल, जोगीराम, लामिछाने, मगरमामा आदि रहेका छन् । गौण पात्रको भूमिका यस उपन्यासमा कुनै मात्रामा रहेको देखिन्छ ।

यस **कर्नाली ब्लुज** उपन्यासमा ग्रामीण परिवेशलाई समेटिएको पाइन्छ । सामाजिक, आर्थिक क्षेत्रमा देखा पर्ने विकृति, विसङ्गति जस्ता पक्षहरूको चित्रण गरिएको छ । आर्थिक स्थिति कमजोर भएका ग्रामीण समुदायका जनता कसरी पीडित बन्दछन् भन्ने कुराको उजागर गरिएको छ । प्रस्तुत उपन्यासमा तत्सम्, तद्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज र उत्कृष्ट बन्न पुगेको छ । तुलनात्मक रूपमा तद्भव र आगन्तुक शब्दअन्तर्गत पनि अङ्ग्रेजी भाषाको शब्द बढी मात्रामा प्रयोग गरिएको छ । उपन्यासको भाषिक पक्षको विश्लेषण गर्ने क्रममा विचलन पक्षको पनि अध्ययन गरिएको छ । व्याकरणिक, ध्वनितात्विक, अर्थतात्विक, भाषिक विचलनयुक्त भाषाको प्रयोगले उपन्यासको भाषिक सौन्दर्य वृद्धि भई बोधगम्य बन्न पुगेको देखिन्छ । यस उपन्यासमा भाषिक विचलन बढी मात्रामा भएको पाइन्छ । नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातिय एवम् बहुधार्मिक विशेषतायुक्त देश हुनु एवम् विभिन्न जाति र भाषिक समुदायको मिश्रित बसोबास भएकाले विचलन देखिनु स्वभाविक मान्न सकिन्छ । भाषिक विचलन पनि ध्वनितात्विक विचलन बढी पाइन्छ । त्यसैगरी आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोगले गर्दा उपन्यासको भाषा सार्थक बन्न पुगेको छ ।

## अध्याय पाँच : सारांश, निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१ सारांश

यस शोधपत्रमा नेपाली साहित्य जगतमा परिचित ऊ सामाजिक यथार्थवादी उपन्यासकार बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** (२०६७) उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षक रहेको छ ।

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो । समालोचनाका फाँटमा यो नवीनतम् विधा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखापरेको छ । यसको 'व्युत्पत्ति शील' धातुमा 'ई' प्रत्यय लागेर निर्माण भएको शैली शब्दले ढङ्ग, ढाँचा, रीति, वृत्ति, मार्ग आदि अर्थलाई बुझाउँछ । त्यसैले शाब्दिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ ।

विषयवस्तु, परिवेश, प्रयोजन व्यक्ति आदि अनुकुलको भाषा वा भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै शैली हो । शैलीविज्ञान प्रायोगिक भाषाविज्ञानका शाखाहरूमध्ये एउटा महत्त्वपूर्ण शाखा हो । यसले भाषा र साहित्यसँग निकट रहेर अध्ययन गर्दछ । आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको हो । यसले साहित्यिक कृतिको भाषिक सौन्दर्यको यथार्थ मूल्याङ्कन गर्दछ । कृति विश्लेषण र शाब्दिक संरचनालाई अध्ययनको केन्द्र बनाउनु मुख्य पहिचान हो ।

प्रस्तुत शोधकार्य पूर्व कविता पन्थी (२०६३) द्वारा 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । त्यसैगरी लोकेन्द्र सुवेदी (२०७३) द्वारा 'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेल (२०७२) द्वारा 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ऋषिराज रेग्मी (२०७२) द्वारा विभाजित समय उपन्यासको शैलीवैज्ञानिक अध्ययन, कर्णबहादुर रावल (२०७३)द्वारा 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, निकेश घिमिरे (२०७३) द्वारा 'शून्य डिग्री' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ ।

शैलीविज्ञानका सैद्धान्तिक आधारमा केन्द्रित भई मूलतः पात्र तथा चरित्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता जीवनचेतना र आबद्धताका आधारमा प्रमुख तथा सहायक पात्रको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

भाषाका प्रसिद्ध जादुगर आख्यानकर बुद्धिसागरद्वारा लिखित **कर्नाली ब्लुज** उपन्यास छोराको आँखाबाट पिताको सङ्घर्ष देखाइएको एक उत्कृष्ट कृति हो । कर्णाली प्रदेशको सुदुर तराईको गाउँ मटेरादेखि कटासेबजार हुँदै सुदुर पहाड कालिकोटसम्मको सेरोफेरोमा उनिएको यस उपन्यासको कथावस्तुले त्यस भेगका मानिसहरूको व्यथालाई उजागर गरेको छ । उपन्यासमा

सुदूर तराईका बासिन्दाहरूले बाँच्नका लागि गरिरहेको सङ्घर्ष र दुर्घटनाजन्य नियतिको जीवन्तता उल्लेख गरिएको छ। राज्यबाट बेवास्ता गरिएको तराईको गाउँ, जहाँका मानिसहरू आर्थिक अभावका कारण कष्टकर जीवन बिताउन बाध्य भई नेपाली समाजको चरम अन्धविश्वास र कतिपय घटनाहरू अपत्यारिलो लाग्ने कथावस्तु भए तापनि उपन्यासकारद्वारा त्यसलाई विभिन्न पात्रहरूका माध्यमबाट साधारणीकरण गरिएको छ।

नेपालको सुदुर तराई क्षेत्रमा व्याप्त अन्धविश्वासलाई उजागर गर्नका लागि उपन्यासकी पात्र ममता दिदी बिरामी परेको अवस्थामा भूत मसान लाग्यो भनी औषधी उपचार नगरी धामी झाँक्रीको विश्वास गरी उनको ज्यान समेत गएको कुरा उपन्यासमा उल्लेख गरिएको छ। उपन्यासमा वृषबहादुर उनका बा र आमा, पार्वती, चन्द्रे, ममता दिदी, भागीराम थारु, बाटु, एकराज, मन्दिरे आदि पात्रहरूको प्रत्यक्ष अभिनयबाट त्यस समाजको परिवेश बुझ्न निकै सघाउ पुगेको छ। उपन्ययासका पात्र वृषबहादुरको बाल्यकालका उदण्ड व्यवहार, बाआमा प्रतिको अगाध प्रेमभाव, विभिन्न स्त्री पात्रहरू प्रतिको आकर्षणले त्यस गाउँमा घटित विविध घटनाहरूका बीचमा मौलाएको सुकोमल प्रेमलाई इङ्गित गरेको छ। त्यसैगरी गरिबीको चपेटामा परेका त्यहाँका निम्न तथा मध्यम वर्गका मानिसहरूको जीवन सङ्घर्षलाई गरिबीको यथार्थ बोध गराइएको छ।

यस त्यहाँका मानिसहरूले भोग्नुपरेका दुःख पीडा, वेदना र जीवनशैलीलाई भाषिक आधारमा देखाउने प्रयास गरिएको छ। साथै एउटा परिवार चलाउनका लागि बाबुआमाले गरेका अनगिन्ति सङ्घर्षहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ।

सामाजिक यथार्थवादी उपन्यासका रूपमा रहेको प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा ग्रामीण परिवेशलाई समेटिएको पाइन्छ। यस उपन्यासमा ग्रामीण समाजमा रहेका अन्धविश्वास साथै आर्थिक अभावका कारण सोझा, सिधा एवम् गरिब, निमुखा जनताले भोग्नुपरेका समस्या समाजका ठूला भनाउँदाहरूले देखाउने प्रवृत्ति एवम् राजनीतिक क्षेत्रमा हुने षड्यन्त्र आदि पक्षको कलात्मक ढङ्गले चित्रण गरिएको छ।

यस उपन्यासमा भाषिकागत विचलन ध्वनिप्रक्रियात्मक विचलन, एवम् व्याकरणिक विचलन हुनु जस्ता कार्यहरूले भाषा कलात्मक एवमे रोचक बन्न पुगेको देखिन्छ। त्यसैगरी उपयुक्त ढङ्गले शब्दहरूको चयन एवम् सन्दर्भ अनुकुल भाषाको प्रयोगले उपन्यास थप उद्देश्यमूलक र मिठासपूर्ण बन्न पुगेको देखिन्छ।

यसरी **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा यसमा कथानकको विश्लेषण गर्ने आधार, शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गरी सोही आधार बमोजिम

विश्लेषाण गरिएको छ । यस अध्ययनमा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ । यसमा प्राथगमिक तथा द्वितीयक स्रोतको प्रयोग गरी समाग्री सङ्कलन गरिएको छ ।

## ५.२ निष्कर्ष

अनुसन्धानबाट नयाँ नयाँ तथ्यहरू पत्ता लाग्ने भएका कारण यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । प्रस्तुत अध्ययन **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैली भन्नाले भाषा वा भाव अभिव्यक्तिको तरिका भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडका आधारमा गरिएको भने पात्रहरूको शैलीवैज्ञानिक आधारमा विश्लेषण तथा वर्गीकरण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चयन र विचलन समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत **कर्नाली ब्लुज** (२०६७) उपन्यासको कथानकको क्रमबद्ध ढाँचामा प्रस्तुत भएकाले आदि मध्य र अन्त्यको क्रम मिलेको देखिन्छ। त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दहरूको समुचित विन्यासले उपन्यासको भाषा आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ। तसर्थ यिनै आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ। त्यसैगरी विचलन अन्तर्गत पनि व्याकरणिक, ध्वनिप्रक्रियात्मक, भाषिक विचलन आदिका आधारमा **कर्नाली ब्लुज** उपन्यासको भाषिक विश्लेषण गरिएको छ । अन्य विचलनका तुलनामा भाषिक विचलन बढी देखिन्छ । यसले गर्दा उपन्यासको भाषा सरल, सरस, आकर्षक र प्रभावकारी बन्न पुगेको छ ।

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा प्रमुख पात्र र केही पात्रको मात्र विश्लेषण एवम् अध्ययन गरिएको छ । यस उपन्यासमा 'म' पात्र (वृषबहादुर), हर्षबहादुर, चन्द्रे, पार्वती, ममता दिदी, भागीराम बाटु, शिवशङ्कर, सद्धाम, एकराज, जरीलाल, मन्दिरे र छोट्कु आदि पात्रहरूको प्रयोग मार्फत् उपन्यासको कथावस्तुलाई मूर्त रूप दिने प्रयास गरिएको छ । यी पात्रहरूमध्ये प्रमुख पात्र 'म' पात्र (वृषबहादुर), सहायकपात्र उनका बा हर्षबहादुर, चन्द्रे, पार्वती, ममता दिदी, रमेश, एकराज, बाटु आदि पात्रको कार्य, लिङ्ग कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता आबद्धताका आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । यसरी यस **कर्नाली ब्लुज** उपन्यास शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको छ ।

## ५.३ सुझाव

प्रस्तुत **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) उपन्यासमा कथावस्तुको प्रस्तुतिगत ढाँचा एवम् शैली अझ क्रमबद्ध हुनुपर्ने,

ख) उपन्यासमा पात्रहरूको प्रयोग आवश्यक मात्रामा मात्र हुनुपर्ने,

ग) भाषिकारहित अर्थात् मानक नेपाली भाषाको प्रयोग गरी कृति लेख्नुपर्ने,

घ) व्याकरणिक एवम् ध्वनिप्रक्रियात्मक विचलन जस्ता विचलनहीन भाषाको प्रयोग मार्फत् कृति सिर्जना गर्नुपर्ने,

ङ) काव्य कृतिमा सभ्य भाषाको प्रयोग गर्नुपर्ने,

च) नीति निर्माण कर्ताहरूले विद्यालय तथा विश्वविद्यालय तहका पाठ्यक्रममा आख्यानात्मक विधालाई बढी मात्रामा समावेश गर्न सकिने नियमको व्यवस्था मिलाउनुपर्ने,

छ) कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन हुन सके कृतिमा प्रयुक्त भाषिक विशिष्टताको जानकारी प्राप्त गर्न सकिने भएकाले यसतर्फ प्रोत्साहित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने,

ज) पाठ्यक्रम निर्माताहरूले औपन्यासिक कृतिलाई पाठ्यक्रममा समावेश गरी सहज रूपमा पठनपाठनको व्यवस्था मिलाउनुपर्ने,

झ) काव्यकृति लेखक वर्गले समकालिन समाजको वास्तविकता एवम् सामाजिक, आर्थिक, सांस्कृतिक आदि पक्षको प्रतिबिम्ब उतार्नुपर्ने,

यी माथिका पक्षलाई ध्यान दिई त्यसतर्फ सचेत हुनु जरुरी देखिन्छ ।

## ५.४ उपयोगिता

शैलीविज्ञानले भाषिक विशिष्टताको खोजी गर्दछ । शैली विश्लेषणको अध्ययनले शिक्षक, विद्यार्थीलाई साहित्यिक लेखक र अन्य लेखनमा पाइने अन्तरबारे सुझ वा दृष्टिकोण प्राप्त हुन्छ । शैली विश्लेषणबाट पाठक वर्गहरूमा साहित्यिक र सिर्जनात्मक क्षमताको विकास गर्न भाषाको सौन्दर्य पक्ष पत्ता लगाउन र भाषिक सम्प्रेषणलाई परिपक्क बनााउन सहयोग गर्ने भएकाले पनि यसको उपयोगिता रहेको छ ।

वर्तमान समयमा उपन्यासको शैलीवैज्ञानिक अध्ययनलाई महत्त्वका साथ लिने गरिन्छ। शैलीवैज्ञानिक अध्ययनबाट शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, समालोचक जस्ता व्यक्तिहरू बढी लाभान्वित हुनेछन्। शैलीवैज्ञानिक आधारमा यस **कर्नाली ब्लुज** उपन्यासको बारेमा जिज्ञासा राख्नेहरूका लागि र शैलीवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगी हुनेछ। शैलीवैज्ञानिक अध्ययन सम्बन्धी उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.४.१ नीतिगत उपयोगिता

अध्ययन अनुसन्धान कार्यलाई सफल प्रभावकारी र उपयोगिमूलक बनाउन निश्चित नीति नियमको जानकारी हुन अत्यावश्यक देखिन्छ। यस नीतिले अध्ययन गर्ने क्रममा सही बाटोमा हिँडाउन, आवश्यक सामग्री उपयुक्त तवरले प्रयोग गर्न सहयोग पुऱ्याउँछ। प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाशि ५९८ पाठ्यांशको प्रयोजनका लागि यस **कर्नाली ब्लुज** उपन्यासको शैलीवैज्ञानिक अध्ययन सम्बन्धी नीतिगत उपयोगितालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

क) यस अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ।

ख) शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक एवम् विविध लेख रचना लेखन कार्यमा यस अध्ययनले सहयोग पुग्ने देखिन्छ।

ग) यस अध्ययनले भाषासम्बन्धी नीति निर्माण कार्यमा सहयोग पुऱ्याउने देखिन्छ।

घ) यस अध्ययनले शब्दकोष निर्माण कार्यमा पनि सहयोग पुऱ्याउने देखिन्छ।

ङ) साहित्यिक कृति र शैलीविज्ञानसम्बन्धी निकटता थाहा पाउन सहयोग गर्ने देखिन्छ।

च) शैक्षणिक व्याकरण निर्माणमा पनि सहयोग पुऱ्याउने देखिन्छ।

छ) साहित्यिक कृतिलाई प्रभावकारी र बोधगम्य बनाउन शब्द वाक्यहरूको उत्कृष्ट चयन गर्न पनि सहयोग पुऱ्याउने देखिन्छ।

### ५.४.२ कार्यान्वयन तह

यस अध्ययनलाई निम्न तहमा कार्यान्वयन गर्न सकिन्छ :

क) शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि अनुसधानबाट प्राप्त निष्कर्ष प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

ख) शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

ग) आख्यान विधाको शिक्षणमा यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

घ) भाषा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरू कार्यान्वयन गर्न सकिन्छ ।

ङ) सिर्जनात्मक रचनामा रोचकता प्रदान गर्नका लागि, भाषिक चयन, विचलनको प्रयोगमा सुधार ल्याउन पनि यस अनुसन्धानको निष्कर्ष उपयोग गर्न सकिन्छ ।

च) शिक्षक विद्यार्थीको पठन, लेखन, तार्किक आदि भाषिक क्षमताको अभिवृद्धि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मसात गर्न सकिन्छ आदि ।

### ५.४.३ आगामी अनुसन्धानका लागि शीर्षक

भविष्यका दिनहरूमा यस **कर्नाली ब्लुज** उपन्यासमा केन्द्रित भएर निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

क) **कर्नाली ब्लुज** उपन्यासका प्रयुक्त बिम्ब प्रतीकहरूको अध्ययन ।

ख) **कर्नाली ब्लुज** उपन्यासको परिवेश र समाजको अध्ययन ।

ग) **कर्नाली ब्लुज** उपन्यामा प्रयुक्त आगन्तुक शब्द प्रयोगको अध्ययन ।

घ) **कर्नाली ब्लुज** उपन्यासमा प्रयोग भएका चिह्नहरूको अध्ययन ।

ङ) **कर्नाली ब्लुज** उपन्यासमा प्रयुक्त वाक्य चयनको अध्ययन ।

च) **कर्नाली ब्लुज** उपन्यासको क्रियापद चयनको अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङगराज (२०६२), **सामाजिक र प्रायोगिक भाषा विज्ञान**, काठमाडौँ : रत्न पुस्तक भण्डार, नेपाल ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०) **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि. ।

घिमिरे, निकेश (२०७३), **शून्य डिग्री उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, इटहरी : जनता बहुमुखी क्याम्पस (शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागमा प्रस्तुत अप्रकाशित शोधपत्र) ।

पन्थी, कविता (२०६३), **'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०६९), **प्रायोगिक, भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिन्युटर्स प्रा.लि ।

बुद्धिसागर, (२०६७), **कर्नाली ब्युज उपन्यास**, काठमाडौँ : फाइनप्रिन्ट बुक्स प्रा.लि. ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि**, काडमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०७१), **नेपाली गद्य र नाटक**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०४३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौँ : न्यू हिरा बुक्स ।

भुजेल, ममता (२०७२) **'लू' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर ( शोधपत्र), जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङकाय नेपाली विभाग ।

रावल, कर्णबहादुर (२०७३) **'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली शिक्षा विभाग त्रि.वि. किर्तिपुर ।

रेग्मी, ऋषिराज (२०७२) **'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग शिक्षाशास्त्र सङकाय नेपाली विभाग ।

लामिछाने, यादव प्रकाश, तीर्थराज भट्टराई, मदनराज बराल र बालकृष्ण गौतम (२०६९), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

शर्मा, मोहनराज (२०४८), **शैलीविज्ञान**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३) **'दमिनी भीर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।